## पूर्ण इजलास

१

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री प्रेम शर्मा, मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रि.पु.इ.नं. ०६५-WF-००१३, उत्प्रेषणयुक्त परमादेश, *वीरबहादुर राउत अहिर वि. गृह मन्त्रालय समेत*

सामान्यतः अदालत वा न्यायिक निकायहरूबाट विवादित विषयवस्तुका सम्बन्धमा तथ्य प्रमाण बुझी, न्यायिक मन प्रयोग गरी विवादको निरूपण हुने गरी गरिएको निर्णयलाई न्यायिक निर्णयको संज्ञा दिइन्छ। न्यायिक निर्णयबाट अन्य कुराका अतिरिक्त हक बेहकको प्रश्नमा समेत बोल्ने गरिन्छ। न्यायिक निर्णय वाध्यात्मक हुन्छ। त्यसैले निर्णयमा पुग्नुअघि त्यस्तो निर्णयबाट असर पर्ने सम्बन्धित पक्षलाई आफ्नो कुरा भन्न वा राख्न पर्याप्त सुनुवाइको मौका प्रदान गरिन्छ। अर्थात् कानूनको उचित प्रक्रिया तथा प्राकृतिक न्यायको सिद्धान्तलाई न्यायिक प्रक्रियामा उच्च सम्मान दिइने।

अर्द्धन्यायिक निर्णय पनि परिमाणका दृष्टिकोणबाट न्यायिक निर्णयसरह नै हुन्छ। यस्तो निर्णयबाट पनि व्यक्तिको हक अधिकारमा असर पर्न सक्दछ। तर अर्द्धन्यायिक निर्णय गर्ने निकाय, अधिकारी तथा प्रक्रियामा केही भिन्नता रहन्छ। खासगरी प्रशासकीय अधिकारीहरूले आफ्नो नियमित प्रशासनिक कार्यसँग सम्बन्धित विषयमा कानूनद्वारा प्रदत्त अधिकारबमोजिम न्यायिक प्रकृतिको निर्णय गर्दछन् भने त्यस्तो निर्णयलाई अर्द्धन्यायिक निर्णय भनिन्छ। लोक कल्याणकारी राज्यको भूमिकामा अभिवृद्धि भएको कारणबाट प्रशासकीय वा विभागीय प्रकृतिको कामकारवाहीसँग सम्बन्धित विषयगत आवश्यक पर्ने र छिटोछरितो कारवाही किनारा हुने पर्ने विषयहरू औपचारिक न्यायिक प्रणालीबाट निरूपण गर्न सम्भव र व्यवहारिक नहुने हुँदा सम्बन्धित प्रशासकीय अधिकारी, न्यायाधिकरण, बोर्ड आदि निकाय वा अधिकारीलाई न्यायिक अधिकार प्रदान गर्ने प्रचलन बढ्दो छ। विभागीय कारवाही वा सजाय गर्ने अधिकार सामान्यतः सम्बन्धित अख्तियारवालाले प्रयोग गर्ने गर्दछ। तसर्थ अन्य मुलुकको दृष्टान्त हेर्दा सेवासम्बन्धी कानूनको उल्लंघन गरेको विषयमा विभागीय कारवाही वा सजायका लागि सेवा आयोग, बोर्ड वा समिति समेत गठन गरी न्याय निरूपण गर्ने प्रचलन रहेको पाइन्छ। विभागीय सजाय वा सेवाबाट हटाउने गरी गरिने अर्द्धन्यायिक निर्णयबाट सम्बन्धित कर्मचारीको पेशा रोजगार गर्ने हक हनन् हुने भएकोले त्यस्तो निर्णय गर्नुपूर्व सुनुवाइको उचित मौका दिनु अनिवार्य हुन्छ। प्राकृतिक न्यायको सिद्धान्तको उपेक्षा गरी भएको अर्द्धन्यायिक निर्णयले वैधता प्राप्त गर्न नसक्ने।

प्रशासकीय अधिकारीले कुनै प्रशासनिक कामकारवाहीसँग सम्बन्धित विषयमा गर्ने निर्णय प्रशासकीय निर्णय हो। विशुद्ध प्रशासकीय निर्णयमा न्यायिक मनभन्दा पनि तजवीज र स्वविवेकको प्रयोग बढी हुने गर्दछ। सामान्यतः यस्तो निर्णयबाट विवादित विषयको निरोपण गर्ने वा कसैको हक अधिकार हनन् हुने स्थिति नहुने हुँदा प्रशासकीय निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिइरहन आवश्यक नहुने।

जब कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ। सुनुवाइको मौका नदिई गरिएको निर्णयले निर्णयको स्थान नै लिन नसक्ने हुँदा न्यायिक प्रक्रियामा वैधानिक मान्यता प्राप्त गर्न सक्दैन। प्राकृतिक न्यायको सिद्धान्तले न्यायिक प्रक्रियालाई स्वच्छ र विश्वसनीय बनाउने हुँदा यसको उपेक्षा गरी भएको निर्णयलाई पूर्वाग्रही निर्णयको संज्ञा दिनु उपयुक्त हुन्छ। अर्द्धन्यायिक निर्णयबाट पनि व्यक्तिको हक अधिकारमा आघात पुग्ने हुँदा यस्तो निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनु बाध्यात्मक मानिने।

प्रहरी जस्तो अनुशासन र मर्यादामा रहनु पर्ने कर्मचारी खटाइएको तालिममा नगई आफूखुशी गैरहाजिरी रहने विषय निश्चित रूपमा गम्भीर मान्नु पर्ने हुन्छ। तर जस्तोसुकै गम्भीर प्रकृतिको आरोप लगाइएको व्यक्तिलाई पनि सो आरोप ठहर गर्नुपूर्व आफ्नो कुरा भन्ने मौका दिनु पर्ने हुन्छ। सेवाबाटै बर्खास्त गर्ने जस्तो अन्तिम र कठोर सजाय गर्दा प्रचलित सेवासम्बन्धी ऐन नियममा उल्लिखित कार्यविधिको अक्षरसः पालना वा अवलम्बन गरिएको हुनुपर्दछ। प्राकृतिक न्यायको सिद्धान्तको उल्लंघन

गरी वा कानूनबमोजिमको उचित प्रक्रिया पालना नगरी निर्णय हुन पुग्दछ भने त्यस्तो निर्णयलाई कानूनको दृष्टिमा शून्य मान्नुपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल भदौ ८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावलोकन नं. २०६८-NF-०००१, उत्प्रेषणयुक्त परमादेश, *श्यामसुन्दर गुप्ता वि. तेजकान्त झा*

बहुमतीय प्रक्रियाबाट बनेको मन्त्रिपरिषद्मा पनि एकभन्दा बढी दलहरूको सहभागितामा बनेको अवस्थामा त्यस्तो गठबन्धनबाट निर्मित मन्त्रिपरिषद्को प्रधानमन्त्रीको स्थिति बहुमतप्राप्त एकै दलबाट निर्वाचित प्रधानमन्त्रीको भन्दा फरक हुने हुन्छ । त्यस्तो अवस्थामा धारा ३८ अन्तर्गत प्रधानमन्त्रीले आफ्नो दलबाहेक अन्य दलको तर्फबाट मनोनित मन्त्रीहरूको हकमा सम्बन्धित दलको सहमतिबिना आफूखुशी जिम्मेवारी तोक्न, हेरफेर गर्न वा पदबाट हटाउन समेत सक्ने देखिँदैन । त्यस्तो गर्ने प्रयास गरेमा प्रधानमन्त्री स्वयंले बहुमत गुमाउन सक्ने खतरा रहन्छ र हाम्रो अन्तरिम संविधानले वर्तमान अन्तरिम अवधिमा प्रधानमन्त्रीलाई आफ्नो बहुमत विकल्प दिएको समेत देखिँदैन । दलहरू बीचको निरन्तर सहकार्य, सामञ्जस्य र सहमतिको आधारमा मन्त्रिपरिषद्को संरचना तयार पार्नु र सञ्चालन गर्नु परेको बाध्यात्मक अवस्थालाई बिर्सेर मन्त्रिपरिषद्लाई प्रधानमन्त्रीको इच्छाधीन संरचना मानेर प्रधानमन्त्रीको निर्णय नै मन्त्रिपरिषद्को निर्णय हुने वेस्टमिनिस्टर मोडेलको मन्त्रिमण्डलीय पद्धतिको रूपमा चित्रित गर्नु उपयुक्त नदेखिने ।

नेपालमा वर्तमान अन्तरिम अवधिमा राजनीतिक शक्तिहरू विशिष्ट परिस्थितिमा रहेको तथ्यलाई हृदयङ्गम गरी संक्रमणकालमा ती शक्तिहरूको सन्तुलित व्यवस्थापन गर्नेतर्फ अन्तरिम संविधानका प्रवन्धहरू परिलक्षित रहेको हुँदा यस्तो विशिष्ट राष्ट्रिय राजनीतिक परिवेशलाई उपेक्षा गरी वेस्टमिनिस्टर ढाँचाको प्रधानमन्त्रीय पद्धति भनी अन्तरिम संविधानको धारा ३७ र ३८(१) अन्तर्गत गठन हुने मन्त्रिपरिषद्लाई अति सामान्यीकरण (Generalization) गर्नु वस्तुगत नदेखिने ।

धारा ३८(१) को परिभाषा राजनीतिक सहमति गर्नुपर्ने पात्रहरूको नाम र प्रक्रियासहितको परिभाषा हो भने धारा ६३(३)(ग) को सहमति त्यस्ता कुनै पात्र र प्रक्रिया नतोकिएको (Unqualified) अर्थात् खुला प्रकृतिको सहमति हो भन्ने देखिन आउँछ । त्यसैले धारा ६३(३)(ग) को सन्दर्भमा संयुक्त इजलासले निर्णयमा उल्लेख गरेजस्तो छुट्टै कुनै निकाय (Body) ले औपचारिकरूपमा मनोनयनको सिफारिश गर्ने र मन्त्रिपरिषद्ले सोबमोजिम मनोनयन गर्ने बाध्यात्मक प्रक्रियाको बोध हुन नआउने ।

मन्त्रिपरिषद्ले त्यसरी संविधानसभामा सदस्य मनोनयन गर्दा को कोसँग परामर्श गर्नु पर्दथ्यो वा कोकोसँग परामर्श गरेको छ तथा परामर्शबाट कोको सिफारिश भए वा कोही किन छनौट भए भएनन्, छनौटको आधार के थियो भन्ने जस्ता कुराहरू संविधानले नतोकेको अवस्थामा यो अदालत आफैंले मापदण्ड निर्धारण गरी मन्त्रिपरिषद्को विशुद्ध कार्यक्षेत्रभित्र पुनरावलोकनको आवरणमा अदालत प्रवेश गर्नु मनासिब नहुने ।

मन्त्रिपरिषद्को एउटै निर्णयबाट सिफारिश भएकाहरू बीच कुनै बोधगम्य आधार र कारण बिना भिन्नभिन्न वा भेदभावपूर्ण व्यवहार गर्न नमिल्ने ।

अन्तरिम संविधान स्वयं राजनीतिक सहमतिका आधारमा बनेको र सहमतिलाई संविधानले पहिलो प्राथमिकताको रूपमा मूलप्रवाहीकरण गरेको सन्दर्भमा संविधानले राजनीतिक संवाद, सहकार्य र गठवन्धनको सम्भावनालाई उघारेको हुनाले धारा ६३(३)(ग) बमोजिम संविधानसभामा सदस्य मनोनयन गर्ने सिलसिलामा दल विशेषका आकांक्षा वा प्रत्यर्थीहरूको स्वार्थ वा सरोकार हुनु तथा त्यस नाताले प्रतिष्पर्धात्मक प्रयास गर्नु स्वाभाविक हुन्छ । अधिकारप्राप्त निकायले सहमतीय आधारमा निर्णय गरेको भए पनि वा निर्णयमा गर्ने निकायभित्र त्यस्तो सहमति यथार्थमा निर्माण भएको भए पनि त्यस्तो प्रक्रियाबाट भएको निर्णयमा अन्यले प्रश्न उठाउन खोज्नु पनि अस्वभाविक हुँदैन । तथापि अदालतले विवादित निर्णय संसिवधानको व्यवस्थाको अधिनमा

रही भएको हो होइन, अधिकारप्राप्त अधिकारीले निर्णय गरेको हो होइन र संविधानले स्पष्टरूपमा तोकेको प्रक्रिया, मापदण्ड वा सीमाअन्तर्गत रहेर निर्णय भएको हो होइन भन्ने कुरालाई नै मुख्य रूपमा विचार गर्न सक्ने ।

मन्त्रिपरिषद्ले मनोनयन गर्दा अनौपचारिक रूपमा कुनै आन्तरिक समझदारी गर्न सक्ने भए पनि संविधानले कुनै खास राजनीतिक दलको लागि निश्चित् सिट संख्या तोकेको नदेखिएको अवस्थामा कुनै खास दलबाट अमूक संख्यामा मनोनयन हुनुपर्ने भनी किटान गर्न र सोको कार्यान्वयन गराउन सकिने पनि हुँदैन । साथै प्रयोजनका लागि कुनै खास दलको सहमति खास रूपमा प्राप्त गर्नुपर्ने भन्न पनि निर्धारित औपचारिक प्रक्रियको अभावमा मिल्ने देखिदैन । कुनै व्यक्तिको मनोनयन गर्दा संविधानसम्मत् हुने र अर्काको मनोनयन गर्दा असवैधानिक हुने भन्ने व्यक्तिगत खालको आधार संविधानले तोकेको हुँदैन र त्यसो गर्न पनि नमिल्ने ।

श्यामसुन्दर गुप्तालाई संविधानसभा सदस्यमा मनोनयन गरेको मिति २०६५।३।२० को निर्णयमा मन्त्रिपरिषद्मा सहमति कायम नभएको भन्ने देखिन नआएको परिप्रेक्ष्यमा मन्त्रिपरिषद्ले अन्तरिम संविधानको धारा ६३(३)(ग) बमोजिम आफूलाई प्राप्त अधिकारअन्तर्गत संविधानसभा सदस्यमा मनोनयन गरेको देखिएको र रिट निवेदकले भन्नु भए जस्तो संविधानको धारा ६३(३)(ग) को सहमतिबिना निवेदक/विपक्षी श्यामसुन्दर गुप्तालाई मनोनयन गरेको भन्ने नदेखिएको भै संविधानसम्मत नै मनोनयन गरेको देखिएकोले रिट निवेदकको मागबमोजिम विपक्षी मन्त्रिपरिषद्को मिति २०६५।३।२० को निर्णय बदर गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६४-CR-०५३४, CR-०६१०, लागू औषध (खैरो हेरोइन), *सोनालाल जयसवाल वि. नेपाल सरकार, रूना श्रेष्ठ वि. नेपाल सरकार*

लागू औषध बरामद हुँदाका बखत दुबैजना प्रतिवादीहरू एकैसाथ रही सँगसँगै पक्राउ पर्नुका साथै लागू औषध नापतौल गर्ने मेशिन समेत बरामद भएको अवस्था छ । निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान समेतबाट सो लागू औषध दुर्व्यसनीलाई बिक्री गर्ने उद्देश्यले सञ्चय गरेको भन्ने देखिएको छ । सो लागू औषधको अवैध कारोवारमा दुवैजना प्रतिवादीहरू संलग्न नरहेको भए दुबैजना प्रतिवादीहरूले सो लागू औषध अन्य के प्रयोजनका लागि कसले राखेको हो भन्ने खुलाउन सक्नुपर्ने ।

सम्बन्धित लागू औषध (नियन्त्रण) ऐनले नै बरामदी मुचुल्कामा रोहबरमा राख्ने व्यक्तिहरूको बारेमा अवस्थाअनुसार वैकल्पिक व्यवस्था गरिरहेको स्थितिमा बरामदी मुचुल्कामा स्थानीय निकायको सदस्य वा स्थानीय भलाद्मी नराखी असम्बन्धित ठाउँका मानिस रोहबरमा राखेको हुँदा सो बरामदी मुचुल्का प्रमाणग्राह्य छैन भन्न नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रि.नं. ०६५-WO-०५१४, उत्प्रेषणयुक्त परमादेश समेत, *उदयबहादुर महत समेत वि. बिमला श्रेष्ठ समेत*

साधारण कानूनी उपचारको मार्गअन्तर्गत मातहतको अदालतमा विचाराधीन रहेको विषयमा सोहीअनुरूप न्याय निरोपण हुने भएकोले यस अदालतले रिट क्षेत्रबाट हेरी हस्तक्षेप गर्न मिल्ने स्थिति हुँदैन । अ.बं. ८६ नं. अन्तर्गत आफैंले फिराद दिई विचाराधीन रहेको विषयमा निवेदकहरूले प्रस्तुत रिट निवेदन दर्ता गराएको यस्तो अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल भदौ १९ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रि.नं. २०६५-WO-०८१३, उत्प्रेषणयुक्त परमादेश समेत, *कमल खरेल समेत वि. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था समेत*

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स तथा अडिटर्स एशोसिएशन नेपालबीच २०६६।९।२४ मा भएको सम्झौताको बुँदा नं. १६ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स र दर्तावाला लेखापरिक्षकहरूलाई पेशागत प्रमाणपत्र प्रदान गर्नबाट स्थगित गर्ने गरी भएको पूर्व मिति २०६५।१२।१० को निर्णयको व्यवस्था सम्पूर्ण दर्तावाला लेखापरीक्षणको हकमा २०६९।४।१ देखि लागू हुने गरी परिवर्तन गर्ने सहमति भएको देखिन्छ। सोही सहमतिअनुरूप नै नेपाल चार्टर्ड एकाउन्टेन्टस् नियमावली, २०६१ मा संशोधन गर्ने गरी विपक्षी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको बैठकबाट निर्णय भई सो नियमावलीमा २०६७।९।२० मा संशोधन समेत भएको भन्ने देखिन्छ। सो संशोधनबाट उक्त नियमावलीको नियमको (२) मा प्रतिवन्धात्मक वाक्यांश थप गरी नियम ४९(३) र (४) समेतको व्यवस्था २०७०।४।१ देखि द्धलागू हुने व्यवस्था गरेको देखिने।

निवेदकहरूले विपक्षी नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको परिषद्बाट भएको मिति २०६५।१२।१० को निर्णयको जुन प्रावधानबाट आफ्नो हकमा असर परेको भनी जिकीर लिएको हो सो प्रावधानमा नै परिवर्तन गरी सोअनुरूप नेपाल चार्टर्ड एकाउन्टेन्टस् नियमावली, २०६१ मा समेत आवश्यक संशोधन समेत गरिसकेको देखिएबाट तत्कालको अवस्थामा निवेदकहरूलाई लेखापरीक्षण गर्ने कार्यमा रोक लगाएको वा निजहरूको हकमा कुनै असर परेको समेत नदेखिने।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल भदौ १९ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. ०१०१, उत्प्रेषणयुक्त परमादेश, *कृष्णशरण राना वि. यशोदा राना*

रिट निवेदनका विपक्षीमध्ये यशोदा राना निवेदक भई यी रिट निवेदक कृष्णशरण राना समेतउपर यसै अदलतमा दायर भएको संवत् २०६४ सालको रिट नं. ०५८६ को उत्प्रेषण मुद्दामा यस अदालतबाट मिति २०६६।१।१० मा रिट निवेदन खारेज हुने निर्णय भएको देखिन्छ। सो कुरालाई स्वीकार नै गरी विपक्षी यशोदादेवीले प्रस्तुत मुद्दामा मिति २०६६।९।२२ देखि तारिख गुजारी बसेको समेत देखिन्छ। यसरी एउटै विषयमा यी रिट निवेदकको हकअधिकार उल्लिखित रिट निवेदनबाटै सुरक्षित रहिसकेको देखिएकोले समान विषयका सम्बन्धमा पटक-पटक रिट निवेदन गर्नुपर्ने औचित्य समेत नरहेको हुँदा प्रस्तुत निवेदनमा रिट जारी गरिरहनु परेन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. CI-०४७३, पर्खाल भत्काई चलन, *कृष्णप्रसाद जयसवाल वि. वासुदेवप्रसाद जयसवाल*

नापनक्सा मुचुल्का हेर्दा न.नं. ३ मा प्रतिवादी कृष्णप्रसाद जयसवालको पक्की घर, न.नं. ४ मा विवादित दिवाल र न.नं. ५ मा वादी कृष्णप्रसादको पक्की घर रहेको भन्ने देखिन आई न.नं. ३ र ५ को बीचमा विवादित दिवाल रहेको देखियो। वादी प्रतिवादीको हकभोगमा रहेका घरहरू छुट्टाछुट्टै दिवाल खडा भै बनेका भन्ने समेत नक्सा मुचुल्काबाट देखिन आएन। नापनक्सा मुचुल्कामा वादी प्रतिवादीले लेखाएको जीरह हेर्दा मेरो भूईंतल्ला र माथिल्लो तल्लाको घरको धरन र कडी पश्चिमपट्टिको दिवालमा रहेको भनी यी पुनरावेदक वादीले स्वीकारेको तथा प्रत्यर्थी प्रतिवादीले लेखाएको जीरह हेर्दा वादीको घरको पश्चिमपट्टि रहेको २० इञ्च मोटो दिवाल माथि वादी र आफ्नो भूईंतले घरको धरन कडी रहेको, २० ईञ्चको दिवालमाथि १० ईञ्चको पर्खाल लगाइएको र सो २० ईञ्चको पर्खालमा आफ्नो तर्फबाट ५ ईञ्चको पर्खाल लगाइएको भनी उल्लेख गरेको देखिएबाट तल १० ईञ्च र माथि १० ईञ्च भएको दिवाल माथि दुबै धरन

कडी रहेको देखिँदा न.नं. ४ को पर्खालको जग २० ईञ्च रहेको र माथि १० ईञ्च रहेको भनी उल्लेख भै सो पर्खालमाथि वादी प्रतिवादीका संरचना निर्माण भएको देखिन्छ । यसरी दुबै पक्षले साझा रूपमा भोग चलन गरेको दिवाल अन्यथा प्रमाणित नभएसम्म बराबरी हक लाग्ने भन्ने कानूनी व्यवस्था रहनुको साथै प्रतिवादीको उक्त दिवालमा हकै नभएको अवस्थामा निजको घरको धरन अड्याएको अवस्था भए यी वादीले कानूनका म्यादभित्र सम्बन्धित निकायमा उजूर गर्नुपर्नेमा सो नगरी लामो समयपछि आएर माथिल्लो तलाको १० ईञ्च पर्खालमध्ये आफ्नोतर्फ ५ ईञ्चमा पर्खाल लगाउँदा खिचोला गऱ्यो भनी भन्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०३९६, उपयुक्त आदेश जारी गरिपाऊँ, *सडक तथा भवन निर्माण विभाग वि. महेशकुमार थपलिया*

पुनरावेदक र प्रत्यर्थीका बीचमा भएको करारबमोजिमको काम पूर्ण रूपमा सम्पन्न भई यसरी सम्पन्न गरेको कामको Defect Liability Period मिति ०६२।७।२९ मा समाप्त भएको देखिन्छ र करारअनुसारको काम सम्पन्न भई सोको भुक्तानी समेत बुझी लिई ठेक्काअनुसार काम सम्पन्न भएको प्रमाणपत्र समेत लिई सकेको अवस्था देखिएबाट यी पुनरावेदक र विपक्षीबीच भएका उक्त करार परिपालनाद्वारा समाप्त (Terminatioin by Performance) भई सकेको भन्ने कुरामा विवाद रहेन । यस्तो अवस्थामा यी पुनरावेदक र विपक्षीबीच कुनै पनि प्रकारको करारीय सम्बन्ध Contractual Relation कायम भए रहेको छ भनी मान्न नसकिने ।

पुनरावेदक र प्रत्यर्थीका बीचमा साविकमा भएको करार परिपालनाद्वारा समाप्त भई करारीय सम्बन्ध नै अन्त्य भएको अवस्थामा नयाँ कामको लागि पुनरावेदकका तर्फबाट टेण्डर आह्वान गरेको अवस्था देखिन आयो । करार उल्लंघन भएको कारणबाट वा करारअन्तर्गत परिपालना गर्नुपर्ने करारीय दायित्वको परिपालना नभएको कारणले करारको कुनै एक पक्षलाई मर्का पर्न गएमा मर्का पर्ने पक्षलाई पुग्न गएको वास्तविक हानि नोक्सानी नगद क्षतिपूर्ति मनासिब र पर्याप्त नहुने भएमा मर्का पर्ने पक्षले क्षतिपूर्तिको दावीको सट्टा करारको यथावत् परिपालनाको लागि करार ऐनको दफा ८६ अनुसार दावी लिन सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ तर प्रस्तुत मुद्दाको सन्दर्भमा विचार गर्दा यी पुनरावेदक र प्रत्यर्थीका बीचमा भएको करारअन्तर्गत गर्नुपर्ने सम्पूर्ण काम सम्पन्न भई सो कामको Defect Liability Period नै समाप्त भैसकेको र प्रत्यर्थीले काम सम्पन्न गरेको प्रमाणपत्र समेत लिइसकेको अवस्थामा पुनरावेदक र विपक्षीबीच कुनै करारीय सम्बन्ध नै कायम नरहेकोले करार ऐनको दफा ८७ अनुसार निवेदन दिन सकिने अवस्था नहुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको WO-०९०६, उत्प्रेषण परमादेश, *सरीता अर्याल वि. गाउँ विकास समिति, रघुनाथपुर, बारा समेत*

२०५८ सालमा निवेदक कार्यरत प्राविधिक सहायक पद नै खारेज भएको भन्ने गा.वि.स.ले आफ्नो लिखित जवाफमा समेत उल्लेख गरेबाट २०५८ सालदेखि उनी त्यस पदमा कार्यरत नरहेको भन्ने व्यहोरा समर्थित नै रहेको देखिन्छ । मिति २०६३।६।२० बाट लागू भएको संशोधित नियमावलीले तोकेको २०५९ असार मसान्त पहिल्यै नियुक्ति भै २०६३।६।३० सम्म अटुट रूपमा कार्यरत रहनुपर्ने अनिवार्य व्यवस्था गरेको र निवेदक २०६३।६।३० सम्म अटुट रूपमा सेवामा रहेको प्रमाण निवेदकले पेश गर्न सकेको देखिएन । सार्वजनिक सूचना जारी गरी सञ्चालन गरिएको परीक्षामा निवेदक सामेल भएको अवस्था पनि नभएको हुँदा गा.वि.स.को २०६३।९।२१ को निर्णयद्वारा सिर्जित पदमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को संशोधनद्वारा थप नियम २१३ (क) बमोजिम नियुक्ति हुन पाउनु पर्छ भन्ने निवेदन जिकीर तथ्यपरक तथा कानूनसंगत नदेखिँदा स्थानीय

स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ (क) आकर्षित नै हुन नसक्ने अवस्थामा विपक्षीहरूका कामकारवाहीबाट निवेदकको हक अधिकारमा कुनै आघात पुगेको मान्न मिल्ने नदेखिँदा रिट निवेदन दावीबमोजिम आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको ०६३-WO-११२८, उत्प्रेषणमिश्रित परमादेश समेत, *गोविन्दप्रसाद चौधरी वि. लक्ष्मीकान्त तिवारी समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को कानूनी व्यवस्था हेर्दा चौथो संशोधन २०५३ द्वारा दफा २६ घ थप गरी जग्गाधनी र मोहीलाई आधाआधा हुने गरी जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गरिदिनु पर्नेछ भन्ने व्यवस्था गरी मोहीको जग्गामा द्वैध स्वामित्व अन्त्य गर्ने उद्देश्यले कुनै पूर्वशर्त बिना जग्गाधनी र मोहीलाई स्वतः आधाआधा बाँड्नु पर्ने व्यवस्था गरेको देखिँदा कुत नबुझाएको भनी मोही निष्काशन गर्ने र सो आधारमा जग्गा बाँडफाँड गर्न नपर्ने भनी यी निवेदकको विवादित जग्गा बाँडफाँड गरी पाऊँ भन्ने निवेदन दावी खारेज गर्ने गरेको विपक्षी भूमिसुधार कार्यालयको निर्णय कानूनसम्मत् नदेखिँदा उक्त निर्णय बदर हुने ।

भूमिसम्बन्धी ऐन, २०२१ (चौथो संशोधन २०५३) को दफा २६ घ को कानूनी व्यवस्थाबमोजिम यी निवेदक गोविन्दप्रसाद चौधरीले विवादित जग्गाको दर्तावाला मोही भएको कारणबाट उक्त जग्गा बाँडफाँड गरी लिन पाउने नै हुँदा निजलाई दर्तावाला मोही कायम गरी विवादित जग्गाको नरमकरम मिलाई विपक्षी जग्गाधनी लक्ष्मीकान्त तिवारी र यी रिट निवेदक गोविन्दप्रसाद चौधरीलाई कानूनबमोजिम आधाआधा जग्गा बाँडफाँड गरिदिनु भनी विपक्षी भूमिसुधार कार्यालय, पर्साको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको दे.पु.नं. ०६५-CI-०६४१, निष्क्रिय मोही लगत कट्टा, *लक्ष्मीकान्त तिवारी वि. गोविन्दप्रसाद चौधरी*

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ८९३७, खिचोला मेटाई हक कायम, *बाबुप्रकाश घिमिरे वि. मु.स. गर्ने रामचन्द्र कुँवर*

वादी बमबहादुर कुँवरले दावीको ॥५ जग्गाको २०३३ सालको तिरो बुझाएको रसिदबाट देखिएको छ भने सो तथ्यलाई समर्थन हुने गरी दावीका दाता बसन्त पाध्याले अदालतसमक्ष आई गरेको बकपत्रमा खुदी जाने बाटोदेखि पूर्वपट्टिको २०१६ सालमा दधिरामबाट लिएको जग्गा २०१८ सालमा वादी बमबहादुरलाई राजीनामा गरिदिएको हुँ भनी उल्लेख गरेको देखिन्छ । वादी बमबहादुर कुँवरको घरमा दैवी परी वादीले लिखत पेश गर्न नसकेको भन्ने अवस्था शिशुवा आदर्श गाउँ पञ्चायत कार्यालय, बरालथर, कास्कीको २०३७।१।९ को च.नं. २४२ को सिफारिश पत्रबाट समर्थित भएको देखिन्छ । २०५०।६।२९ मा अदालतबाट भै आएको नक्सा मुचुल्का हेर्दा न.नं. ३१, ३२, ३३ को कि.नं. ४०४ तथा न.नं. २६ को कि.नं. ४२५ को जग्गामा विपक्षी वादी बमबहादुर कुँवरले घर, गोठ पाइखाना समेत बनाई भोगचलन गरी आएको तथा डि.पी.सी. गरी पिलर उठाएको भन्ने देखिन्छ । उक्त घर गोठ बनाउँदा तथा डि.पी.सी. पिलर उठाएकोमा यी पुनरावेदकले मौकैमा कुनै दावी उजूर गरी अन्यथा गराउन तथा घर हटाउनेतर्फ कुनै कारवाही चलाएको देखिँदैन । त्यसैगरी यी पुनरावेदक वादी भै यी विपक्षी प्रतिवादी बमबहादुर कुँवर समेत भै चलेको यसै लगाउको हक कायम दर्ता बदर मुद्दामा यी पुनरावेदकले मुद्दाको शुरू कारवाहीमा तारेख गुजारी बसेको देखिन्छ । यस्तो अवस्थाबाट विवादित जग्गामा यी पुनरावेदक प्रतिवादीको हक स्थापित नभई विपक्षी वादी बमबहादुर कुँवरको हक कायम हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुङ्गाना

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ८९३६, हक कायम दर्ता बदर, *बाबुप्रकाश घिमिरे वि. मु.स. गर्ने रामचन्द्र कुँवर समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको रि.नं. ०३४१, (२०६७ सालको नि.नं.०६७-FN-०१६६) उत्प्रेषणयुक्त परमादेश समेत, *डा.बिन्देश्वरप्रसाद साह वि. नेपाल कृषि अनुसन्धान परिषद् सिँहदरवार प्लाजा समेत*

कुनै पनि कानूनद्वारा गठित संस्थाले निर्णय गर्दा उक्त निर्णय उचित आधार र कारणसहित गरेको हुनुपर्छ र त्यस्तो गरेको देखिनु पनि पर्दछ । कानूनी संस्थाले गर्ने कुनै पनि निर्णयमा आधार र कारण खुलेको हुनुपर्छ । तर प्रस्तुत विवादमा बढुवा सिफारिश प्रक्रिया त्रुटिपूर्ण रहेको स्वीकारी पुनर्मूल्याङ्कन गर्नपर्ने देखिएको मानी सकिएको अवस्थामा सोही बढुवा सिफारिश कुनै औचित्यपूर्ण तथा कानूनसँगत कारण र आधार नखुलाई कृषि अनुसन्धान परिषद् (कर्मचारी प्रशासन) विनियम २०४९ को विनियममा १९ख(४)(५) को प्रक्रिया पूरा नगरी विपक्षीमध्येका डा. भारतेन्दु मिश्र, डा. निरञ्जनप्रसाद अधिकारी र डा. मधुसुदनप्रसाद उपाध्यायलाई पूर्व सिफारिशअनुसार बढुवा नियुक्ति दिने गरेको कृषि अनुसन्धान परिषद् कार्यकारी समितिको मिति २०६७।४।१४ को १७२ औं बैठकको उल्लिखित निर्णयमा कृषि अनुसन्धान परिषद् (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम १९ख (४) (५) को कार्यविधिगत प्रक्रिया पूरा गरेको देखिएन । यसरी प्रक्रिया पूरा नगरी गरेको निर्णयलाई कानूनसम्मत् मान्न नमिल्ने ।

गैरकानूनी सिफारिशका आधारमा कार्यकारी समितिको मिति २०६७।४।१४ को १७२ औं बैठकबाट विपक्षीहरू डा. निरञ्जनप्रसाद अधिकारी, डा. भारतेन्दु मिश्र र डा. मधुसुदनप्रसाद उपाध्यायलाई पदपूर्ति समितिको २०६६।११।२० को सिफारिशअनुसार नियुक्ति दिने समेत गरी २०६७।४।१४ मा गरेको निर्णय त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने । अब उक्त निर्णय र सोका आधारमा २०६७।४।१८ मा दिइएको नियुक्तिपत्र समेत बदर भएकोले यी रिट निवेदक डा. बिन्देश्वरप्रसाद साहको उजूरी निवेदनको आधारमा कार्यकारी समितिले २०६७।१।९ को निर्णयबाट पदपूर्ति समितिको सिफारिश पुनर्मूल्याङ्कन गर्नुपर्ने गरी निर्णय गरेअनुरूप जे जो प्रक्रिया अपनाउनु पर्ने हो सो अपनाई कार्यकारी समिति आफैंले उल्लिखित बढुवाका सम्बन्धमा छानबीन समितिको प्रतिवेदनलाई ध्यान दिई पुनः निर्णय गर्नु भनी विपक्षी कार्यकारी परिषद्को नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुङ्गाना

इति संवत् २०६८ साल साउन १७ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६७ सालको रि.नं. ००५१, प्रतिषेध, उत्प्रेषण, परमादेश समेत, *डा.बिन्देश्वरप्रसाद साह वि. नेपाल कृषि अनुसन्धान परिषद्, सिँहदरवार प्लाजा समेत*
- २०६७ सालको रि.नं. ११५७, प्रतिषेध, उत्प्रेषण, परमादेश समेत, *डा.बिन्देश्वरप्रसाद साह वि. नेपाल कृषि अनुसन्धान परिषद्, सिँहदरवार प्लाजा समेत*

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०५९५, उत्प्रेषणयुक्त परमादेश, *डा. योगेन्द्र ठाकुर समेत वि. निर्वाचन आयोग समेत*

लोकतान्त्रिक जनता पार्टी नेपालका उम्मेद्वारहरूले सो दलको हैसियतबाटै हवाइजहाज चुनाव चिन्ह पाउनुपर्ने हो होइन भन्ने विवादको विषयमा नै निर्णय निरोपण हुनुपर्ने देखिए तापनि प्रस्तुत मुद्दा आज निर्णयार्थ पेश हुनभन्दा अगावै मिति २०६५।१२।२८ मा नै उल्लिखित निर्वाचन क्षेत्रहरूमा संविधानसभा सदस्य पदको लागि उप-निर्वाचन सम्पन्न भइसकेको तथ्य यस इजलासको जानकारीमा रहेको र सोही कुरा निवेदकतर्फका कानून व्यवसायीले पनि इजलाससमक्ष अवगत गराएको परिप्रेक्ष्यमा निवेदकले आफ्नो रिट निवेदनमा जिकीर लिएको विषयको प्रयोजन समाप्त भइसकेको अवस्था देखिन आयो । यस स्थितिमा निवेदन मागको

विषयमा हाल आएर केही बोलिरहनु पर्ने अवस्था विद्यमान नरहेको हुँदा प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०७६७, उत्प्रेषणयुक्त परमादेश, *लोचन भट्टराई वि. सांस्कृतिक संस्थान जमल समेत*

पदपूर्ति समितिले निर्धारण गरेका यावत् प्रक्रियाहरूका सम्बन्धमा अन्तिम नतिजा प्रकाशन नहुँदासम्म यी रिट निवेदिकाले कुनै चुनौती नदिएकोले अन्तिम नतिजापूर्वका पदपूर्ति समितिले अपनाएका परीक्षासम्बन्धी सम्पूर्ण प्रक्रियाहरूलाई निजले स्वीकार गरी अन्तिम नतिजामा आफू असफल भै वैकल्पिकमा परेपछि मात्र परीक्षामा अनियमितता भयो भनी वस्तुगत तथ्यहरूको आधारबिना विषयगत प्रश्न उठाई ती यावत् प्रक्रियाहरूलाई चुनौती दिई प्रस्तुत रिट निवेदन दिएको हुँदा रिट जारी गरिरहनु नपर्ने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०२३६, उत्प्रेषणयुक्त परमादेश, *मीनाकुमारी देवकोटा (वस्ती) वि. नेपाल कृषि अनुसन्धान परिषद्, सिँहदरवार प्लाजा काठमाडौं समेत*

रिट निवेदिकालाई सेवाबाट हटाएको निर्णय र सोसम्बन्धी काम कारवाहीउपर कृषि अनुसन्धान परिषद् (कर्मचारी प्रशासन) विनियम २०४९ को विनियम ७४ बमोजिम सजायमा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो सजाय भएको थाहा भएको मितिले पैंतीस दिनभित्र तोकिएको पदाधिकारीसमक्ष पुनरावेदन गर्न पाउने वैकल्पिक उपचारको व्यवस्था भएकोमा उक्त कानूनी मार्गको अनुशरण नगरी असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रस्तुत रिट निवेदन गरेकोले वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी रिटक्षेत्रबाट उपचार प्रदान गर्न नमिल्ने समेतका आधार कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको रिट नं. ०८७८ परमादेश, *मीनाकुमारी देवकोटा (वस्ती) वि. नेपाल कृषि अनुसन्धान परिषद्, सिँहदरवार प्लाजा काठमाडौं समेत*

११

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको साधक नं. ०६७-RC-००७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजु तामाङ*

अधिकारप्राप्त अधिकारीसमक्षको बयान आफूले स्वतन्त्रतापूर्वक नगरेको भनी प्रतिवादी राजु तामाङ्गले दावी लिए तापनि सोको तथ्ययुक्त तरिकाले पुष्टि गर्न सकेको देखिँदैन । यसरी यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको श्रृङ्खलावद्ध साविती बयानलाई उल्लिखित अन्य तथ्यहरूबाट समर्थित भैरहेको देखिँदा जाहेरवाला तुलसा दर्जीलाई बढी काम लगाउने नियतले निजको छोरा मृतक अजय दर्जीलाई यी प्रतिवादी राजु तामाङ्गले कर्तव्य गरी हत्या गरेको देखिदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः रामशरण तिमिल्सेना
इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०६३-CI-०१०२४, जग्गा खिचोला चलन, *जुनसाङमो शेरचन वि. चन्द्रशोभा कंसाकारनी*

नक्सा मुचुल्का हेर्दा वादीको भोगमा रहेको न.नं. १ को ०-१-०-१, न.नं. २ को १-१-२-३ नं. र न.नं. ३ को ०-०-३-२ गरी जम्मा १-३-१-२ हुने र न.नं. ५ को रिङरोडको ट्र्याकरोडमा परेको जग्गा ०-०-१-३ समेत गरी कुल जम्मा १-४-०-१ जग्गा वादीको हो भन्ने देखिन आएको छ । यसरी हेर्दा ०-०-०-१ जग्गा वादीको आफ्नो जग्गाभन्दा बढी नै

भैरहेको देखिन्छ । त्यस्तै साविक कि.नं. ११८१ मा ०-१-२-२ जग्गा देखिएको र साविक टोखा जाने बाटो चौडा गर्दा हाल २० फीट कायम हुँदा केही जग्गा त्यसमा पर्न गै निजको जग्गा हाल नापीमा ०-१-२-० कायम रहेको देखिन्छ । यस बाहेक कि.नं. ११८१ को जग्गामा प्रतिवादीको साविकदेखि भोग गरी आएको कुरामा वादीले कुनै विवाद उठाएको पाइँदैन । एकाको जग्गामा अर्काले भौतिक रूपले कब्जा गरी भोग गरेको भए हक हुनेले त्यस्तो अवैध कब्जा भोगबाट आफ्नो सम्पत्ति छुटाई लिन कानूनबमोजिमको उपचार खोज्नु पर्नेमा वादीले सो देखाउन सकेको नदेखिनुका साथै प्रतिवादीको भोगमा बढी जग्गा रहेको नदेखिएको, सर्भे नक्सा जग्गाधनी प्रमाणपूर्जा र तिरो तिरेको रसिद समेतबाट कि.नं. ११८१ को जग्गाको अस्तित्व रहे भएको देखिएको र उक्त सबै जग्गा दावी गर्ने वादीले कि.नं. ११८१ को जग्गा अन्यत्र कहाँ छ भनी देखाउन नसकेको, कि.नं. ११८१ को जग्गा प्रतिवादीको होइन भनी भन्न पनि नसकेको लगायतका आधार प्रमाणबाट प्रस्तुत मुद्दामा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल जेठ १६ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४ सालको दु.फौं.पु.नं. ०६३-CR-०५३७, जालसाजी, *बुद्धिनारायण डंगोल वि. चन्द्रशोभा कंसाकारनी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६८ सालको साधक नं. ०६७-RC-००९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रेशम रावल*

प्रतिवादी रेशम रावलले मादक पदार्थ सेवनकै विषयमा विवाद भई नजिकमा रहेको मसला पिँधने ढुङ्गा (लोहोरो) र हँसियाले मृतक कमला रावललाई कुटपीट गर्दा बेहोस भएपछि उपचारको क्रममा सोही चोट पीडाको कारणबाट मृतक कमला रावलको मृत्यु भएको कुरा प्रमाणित देखिन्छ । तसर्थ, यी प्रतिवादी रेशम रावललाई अभियोग माग दावीअनुसार सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी रेशम रावलले मृतक कमलालाई मार्नुपर्ने कुनै पूर्वमनसाय वा योजना भए गरेको नदेखिई केवल मादक पदार्थ सेवनको विषयमा वादविवाद भई तत्काल उठेको रिस थाम्न नसकी कुटपीट गरेको र सोही चोट पीरको कारणबाट उपचारको क्रममा मृतक कमलाको मृत्यु भएको देखिन्छ । उक्त कुटपीटको घटनापश्चात् सोको पश्चातापस्वरूप यी प्रतिवादीले आफूलाई समेत प्रहार गरेको देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादी रेशम रावललाई ज्यानसम्बन्धीको १३(३) नं. अनुसारको सजाय गर्दा चर्को पर्ने देखिएकोले निज रेशम रावललाई अ.बं. १८८ नं बमोजिम ५(पाँच) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

१४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६० सालको साधक नं. ०६७-RC-००७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.शुकवीर हेम्ब्या लिम्बू*

प्रतिवादी शुकवीर हेम्ब्या लिम्बूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको सृङ्खलावद्ध साविती बयान एकआपसमा मिलेको र उक्त साविती बयान, पोष्टमार्टम रिपोर्ट, मौकामा बुझिएका व्यक्तिहरूको अदालतसमक्षको बकपत्र, किटानी जाहेरी र जाहेरवालाको अदालतसमक्षको बकपत्र समेतबाट पुष्टि भएको देखिँदा यी प्रतिवादी शुकवीर हेम्ब्या लिम्बूले मृतक चन्द्रमाया तामाङ्गलाई खुकुरीले पटक-पटक प्रहार गरी कर्तव्य गरी मारेको कुरा प्रमाणित भएको देखिँदा अभियोग माग दावीअनुसार ज्यानसम्बन्धी महलको १३(१) अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल आसर ३१ गते रोज ६ शुभम् ।

१५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको साधक नं. ०६७-RC-००७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमकुमार साउदेन लिम्बू*

प्रतिवादी भीमकुमार साउदेनले प्रहार गरेको बाम्फोकको चोटको कारणबाट टिटानस भै थला परी

सोही चोटको कारणबाट मृतक कमल पाठकको मृत्यु भएको देखिन्छ । तसर्थ, यी प्रतिवादी भीमकुमार साउदेनलाई ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

यी प्रतिवादी भीमकुमार साउदेन र मृतक कमल पाठकबीच पूर्व रिसइवी नदेखिएको र यी प्रतिवादीले आफ्नो घरमा जान खोज्दा मृतक कमल पाठकले नाचगानमा जानुपर्छ भनी जबर्जस्ती गरको कारणबाट तत्काल उठेको रिस थाम्न नसकी साथमा भएको बाम्फोक प्रहार गरेको चोटको कारणबाट टिटानस भै निको हुन नसकी सोही चोटको कारणबाट मृत्यु भएको परिस्थिति एवं निज मृतकको उपचारमा समेत सहयोग पुऱ्याएको तथा उक्त घटना हुनुभन्दा अघि निजको कुनै अपराधिक क्रियाकलाप नदेखिएको परिस्थिति समेतलाई विचार गर्दा यी प्रतिवादी भीमकुमार साउदेनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैदको( सजाय गर्दा चर्को पर्न सक्ने देखिदा अ.बं. १८८ नं. बमोजिम निजलाई १०(दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल आसर ३१ गते रोज ६ शुभम् ।

१६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको साधक नं. ०६७-RC-००९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिनेश राई*

प्रतिवादी दिनेश राईले लोग्ने नभएकी प्रतिवादी हिमा भोटियासँग अनुचित शारीरिक सम्पर्क राखी गर्भधारण गराई हिमा भोटियाले बच्ची जन्माएको अवस्थामा समाजले अवैध मान्ने, समाजमा बेइज्जति हुने र हिमालाई स्वास्नी तुल्याई राख्नुपर्ने डरले अवैध सम्बन्धबाट जन्मिएको जीवित बच्चीको हत्या गरी खाल्डोमा पुरेको भन्ने देखिन्छ । उक्त तथ्यलाई यी प्रतिवादीले अदालतसमक्ष उपस्थित भै अन्यथा भन्न नसकी मौकामा फरार रही निजको अंश रोक्का गर्दा समेत उपस्थित नभै अपराधबाट भाग्न उम्कन फरार भएको मान्नु पर्ने हुन्छ । यस्तो अवस्थामा यी प्रतिवादी दिनेश राईले अभियोग माग दावीबमोजिमको कसूर अपराध गरेको देखिँदा प्रतिवादी दिनेश राईलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

१७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८०४८, निर्णय दर्ता बदर हक कायम, *योगेन्द्रपुरूष ढकाल वि. श्यामबहादुर सार्की समेत*

मोही हक कायमसम्बन्धी मुद्दाको फिराद जिल्ला अदालतले हेरेको देखियो । मुलुकी ऐन, अ.बं. ३५ नं. मा कानूनबमोजिम आफूले हेर्न हुने मुद्दा बाहेक अरू मुद्दा हेर्न हुदैन, हेरे छिनेको भए बदर हुन्छ भन्ने कानूनी व्यवस्था भएको देखिँदा यी वादीले अधिकारविहीन निकायमा दिएको फिराद अ.बं. ३५ नं. तथा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१(क) को कानूनी व्यवस्थाविपरीत देखिन आयो । यसरी मोही हक कायम सम्बन्धमा कानूनले अधिकार नै नभएको निकाय जिल्ला अदालतमा दिएको फिराद र सो फिरादको आधारमा भएको फैसला अधिकारप्राप्त निकायबाट भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ पुस १८ गते रोज १ शुभम् ।

१८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८१७६, अंश चलन, *राजभाइ कसाई खड्गी समेत वि. चक्रबहादुर कसाई समेत*

अंश भन्ने कुरा पैतृक, पैतृकता र वंशसँग आवद्ध कुरा हो । जसको वीर्यबाट जन्मेको हो उसैबाट अंश पाउने कुरा जन्मसिद्ध अधिकार हुन्छ । अंश मुद्दामा नाताको विवाद प्रमुख रहेको हुन्छ । वंशको नाता स्थापित नहुने वित्तिकै अंशतर्फको सान्दर्भिकता पनि परास्त हुन पुग्दछ । एउटै बाबुबाट जन्मेका सन्तानले मात्र जन्मसिद्ध अधिकार पाउनुपर्ने हो अथवा उही बंशकाले मात्र पैतृक सम्पत्ति पाउने अधिकार रहन्छ र वंश टुटेको अवस्था हुनु हुँदैन । अड्डामा आई प्रतिउत्तर

गर्दा जन्मदिने आमाले स्वीकार गरी भनेको कुरा मुख्य प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिन आएको छ। अंश जस्तो मूल जरोलाई पछि लेखिएको कुराले खलबल्याउन नसक्ने।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम्।

- यसै लगाउको २०६२ सालको दु.फौ.पु.नं. ३३४२, जालसाजी, *नीलबहादुर महर्जन समेत वि. तुयुलाल कसाई* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. २

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०९४८, अंश दपोट, *अयोध्या ठाकुर लोहार समेत वि. नकछेद ठाकुर लोहार समेत*

सगोलमा रहँदा सगोलका कुनै एक अंशियारले सगोलका परिवारको अर्को कुनै सदस्यलाई आफ्नो नाममा रहेको सगोलको जग्गा बकसपत्रद्वारा हक हस्तान्तरण गरी दिँदैमा सो जग्गा प्राप्त गर्ने व्यक्तिको निजी हुन सक्दैन। सगोलका परिवार जोसुकैको नाममा रहे तापनि त्यस्तो सम्पत्ति सगोलकै रहेको हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलका परिवार जोसुकैको नाममा रहेको सम्पत्ति भए पनि त्यस्तो सम्पत्तिका अंशियार सबैको अंश हक लाग्ने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम्।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०६४-CI-०९४९, अंश दपोट दर्ता, *सीतादेवी लोहार वि. हरिहर ठाकुर लोहार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०३२२, नागरिकता बदर, *गेनालाल मुराउ वि. श्री ५ को सरकार*

प्रतिवादी गेनालाल मुराउ नेपालमा नै जन्मेको, बारा जिल्लाबाट बाँकेमा बसाई सराई गरेको, २०४४ सालको नागरिकता टोलीमा नाम समावेश भएको, परिवारमा सदस्यका नाउँमा अचल सम्पत्ति जोडी नेपालमै स्थायी बसोबास गरिरहेको देखिइरहेकोमा आधारभूत तथ्य एवं विवादरहित प्रमाण बिना निजलाई नागरिकता प्राप्त गर्दा झूट्टा विवरण पेश गरेको भनी नागरिकताको प्रमाणपत्र रद्द नहुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदीप पञ्जानी

इति संवत् २०६७ साल कात्तिक १६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ WO-०४७२, उत्प्रेषण मिश्रित परमादेश, *जुजुभाइ श्रेष्ठ वि.आशालाल श्रेष्ठ समेत*

मोही लगत कट्टा गर्नेसम्बन्धी विषयमा मुद्दा परी अन्तिम निर्णय भई बसेको कारणबाट मोही नै नरहेका निवेदकको निवेदन दावी खारेज गर्ने गरी भएको भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०६४।६।१३ को निर्णय भूमिसम्बन्धी ऐनको कानूनी व्यवस्थाप्रतिकूल नभई त्यसबाट निजको संविधान र कानूनप्रदत्त हकमा आघात परेको देखिन नआएबाट मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको WO-१२४२, परमादेश प्रतिषेध समेत, *सुदीप पोखरेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सार्वजनिक सरोकारसँग सम्बन्धित विषयवस्तु समावेश रहेको विवादमा निवेदकले आफ्नो सम्बन्ध र सार्थक सरोकार पुष्टि हुने आधार स्पष्ट रूपमा देखाउनु पर्ने हुन्छ। जङ्गलमा बस्ने बाँदर जङ्गलमै छोड्दा निवेदकलाई पर्ने असरको सम्बन्ध सार्थक सरोकार प्रस्तुत निवेदनमा निवेदकले पुष्टि गर्न सकेको नदेखिँदा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार शिवपुरी

राष्ट्रिय निकुञ्जमा बाँदर छाडिएको भन्ने देखियो। बाँदरहरू प्राकृतिक रूपमा मानव बस्तीभित्र बस्न सक्ने प्राणी नभई जङ्गलमै बस्ने प्राणी हो। यस्तो प्राणीलाई विशेष परिस्थितिमा निकुञ्जमा छोडिएको कार्यबाट निवेदन दावीअनुसार निवेदकहरूको संविधानप्रदत्त हक तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताविपरीत भएको मान्न मिल्ने नदेखिने।

प्रजननका लागि उत्पादन गरिएका बाँदर मानव वस्ती भएको खुला ठाउँमा छोड्न नहुने र बाँदर प्राकृतिक रूपमा जङ्गलमा छोडिएको र पुनः जङ्गलबाट समाती कसैले फिर्ता ल्याउन सक्ने अवस्था समेत नभएको स्थिति एवं उल्लिखित कानूनी सिद्धान्तको विश्लेषणबाट निवेदकको संविधानप्रदत्त हकमा असर पुगेको भनी भन्न नमिल्ने।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको CR-०३४६, सवारीबाट अङ्गभङ्ग, *गोकर्ण पराजुली वि. नेपाल सरकार*

पीडितलाई क्षतिपूर्ति दिलाउने कानूनी व्यवस्थाले चालक सवारी धनी वा व्यवस्थापकबाट भराई दिने भनी उल्लेख भएको व्यवस्थाले चालक र व्यवस्थापकलाई जिम्मेवारी बनाउन खोजिएको भए तापनि सवारी साधनको सम्बन्धमा सवारी धनी नै मुख्य हुँदा सवारी धनी फेला परेसम्म निजले यस्तो जिम्मेवारी पूरा गर्नुपर्ने प्रमुख दायित्व हुन्छ। यस मुद्दाको सवारी साधनका धनी सुरेन्द्रप्रसाद उप्रेती नारायणी यातायात व्यवसायी संघ समेतसँग सम्बन्धित व्यक्ति देखिई रहेको अवस्थाम पीडितलाई क्षतिपूर्ति भराउने सम्बन्धमा उनी आफ्नो दायित्वबाट अलग रहन नमिल्ने।

सवारी साधन जिम्मा पाऊँ भनी नारायणी यातायात व्यवसायी संघले इलाका प्रहरी कार्यालय बुटवललाई पत्र लेखी व्यक्ति समेत खटाएको अवस्थामा यस मुद्दामा आई पर्ने कुनै पनि दायित्वबाट नारायणी यातायात व्यवसायी संघ समेत अलग रहन मिल्ने नदेखिनाले पीडितलाई क्षतिपूर्ति व्यवस्थापक सवारी धनीबाट भराइदिनु पर्ने निजले नदिए सवारी साधन जिम्मा लिने नारायणी यातायात व्यवसायी संघबाट भराई दिनुपर्ने।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CI-१२९४, अंश दर्ता, *जिल्ला पर्सा वीरगञ्ज उ.म.न.पा. वडा नं. ५ भगवती टोल घर भई जिल्ला पर्सा बिरतिवर्षा गा.वि.स. वडा नं. ९ माइती घर बस्ने बबितादेवी कानू वि. विदेश भारत पूर्वी चम्पारन ग्राम बारा चकियामा माइती घर भई हाल पर्सा वीरगञ्ज उ.म.न.पा. वडा नं. ५ बस्ने बबितादेवी कानू*

वादीको विवाह भएको दिन अर्थात् मिति २०६०।११।२७ मा प्रतिवादीहरूबीच रीतपूर्वक बण्डापत्र भै अलग भैसकेको देखिँदैन। तत्कालीन अवस्थामा यिनीहरूबीच अंश मुद्दा कारवाहीयुक्त मात्र देखिन्छ। यी प्रतिवादीहरूबीच मिति २०६०।८।१० मा अंश मुद्दा परेको देखिँदा सो मितिदेखि यिनीहरू मानो अलग भएको देखियो। मानो अलग हुनु र अंश लिई अलग हुनु भन्ने अलग-अलग कुरा हो। अंशबण्डाको ११ नं. मा स्पष्ट रूपमा अंश लिई अलग बसेको व्यक्तिसँग मात्र अंशमा दावी गर्न नपाउने भन्ने उल्लेख गरिएको अवस्थामा मानो अलग भएको व्यक्ति समेत सोही दायराभित्र पर्दछ भन्ने अर्थ गर्न नमिल्ने।

प्रतिवादी बबितादेवी कानूले मिति २०६३।८।८ को बण्डा मुचुल्काबमोजिम बण्डा छुट्ट्याई लिनुपूर्व नै वादी बबितादेवी कानूको प्रतिवादी पवनकुमार गुप्तासँग मिति २०६०।११।२७ मा विवाह भएको र निजबाट मिति २०६१।९।२१ मा वादी मित्तलकुमारको जन्म भएको देखिँदा मुलुकी ऐन, अंशबण्डाको ११ नं. तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण सम्पत्तिबाट ३ खण्डको १ खण्ड छुट्ट्याई उक्त १ खण्डबाट ४ खण्डको २ खण्ड वादीहरूले अंश छछुट्ट्याई लिन पाउने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम्।

- यसै लगाउको २०६७-CI-१३०९, फैसला बण्डा मुचुल्का समेत बदर गरिपाऊँ, *जिल्ला पर्सा*

*वीरगञ्ज उ.म.न.पा. वडा नं. ५ भगवती टोल घर भई जिल्ला पर्सा बिरतिवर्षा गा.वि.स. वडा नं. ९ माइती घर बस्ने बबितादेवी कानू वि. विदेश भारत पूर्वी चम्पारन ग्राम बारा चकियामा माइती घर भई हाल पर्सा वीरगञ्ज उ.म.न.पा. वडा नं. ५ बस्ने बबितादेवी कानू* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६१ सालको दु.फौ.पु.नं. ३११५, जालसाजी, *जमिलुन खाँ वि. समसुल खाँ समेत*

पुनरावेदिका जमिलुन खाँको आफ्नो नाममा दर्ता रहेको आफ्नो समेत हक लाग्ने आफूखुशी गर्न पाउने विवादित कि.नं. ३९९८ को जग्गा यी पुनरावेदकले प्रत्यर्थी वादीहरूको मञ्जूरी नलिई राजीनामा पारित गरिदिएको क्रिया जालसाजीपूर्वक भएको भन्ने देखिन आउँदैन। यसरी पुनरावेदक प्रतिवादीले आफ्नो पालामा आर्जेको आफूखुशी गर्न पाउने तथा हक हस्तान्तरण गर्दा प्रत्यर्थी वादीहरूको मञ्जूरी लिई रहनु नपर्ने उक्त कि.नं. ३९९८ को जग्गा र.नं. २०९ बाट राजीनामा पारित गरी बिक्री व्यवहार गरेको कार्य जालसाजीपूर्वक भएको नदेखिने।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ११०८, अंश, *जमिलुन खाँ वि. सुकुरा खाँ*

कि.नं. ४०२ को जग्गा विवाह अगाडि खरीद गरेको भन्ने जिकीर नदेखिनुका साथै सो जग्गा निजी आर्जनको भने पनि सो के कुन प्रकारबाट वा कुन व्यवहारबाट निजको निजी आर्जन हुन गएको हो त्यसको वस्तुनिष्ठ प्रमाण पेश गरी पुष्टि गर्न सकेको पनि पाइँदैन। निजी आर्जनको सम्पत्ति हुनलाई प्रमाणबाट सो कुरा देखिनु पर्दछ। कसैले सगोलमा रहँदा खरीद गरेको सम्पत्ति निजी आर्जनको हो भनी भन्दछ भने त्यसको सबूद पनि निजले नै पुऱ्याउनु पर्दछ। अन्यथा प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुरूप एकाघरसँगका अंशियारमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको हो भनी अनुमान गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा यस्तो सम्पत्तिमा सगोलको अंशियार सबैको बराबर भाग लाग्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ११०९, हालैको बकसपत्रको लिखत बदर दा.खा. बदर, *जमिलुन खाँ समेत वि. आदम अली खाँ*

विवादको कि.नं. ३९१४, को क्षे.फ. ०-२-२-१ जग्गा यी पुनरावेदक प्रतिवादी जमिलुन खाँले पैतृक सम्पत्तिबाट खरीद गरको नदेखिई आफ्नो पालामा आर्जन गरको भन्ने देखिएको अवस्थामा त्यस्तो सम्पत्ति आफूखुशी कसैलाई हक हस्तान्तरण गरी दिन बन्देज नरहेको अवस्थामा वादी दावी नपुग्ने।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम्।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. १११०, हालैको बकसपत्रको लिखत बदर दा.खा. नामसारी, *जमिलुन खाँ समेत वि. समसुल खाँ समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-०७२३, लेनदेन, *रत्नबहादुर थापाक्षेत्री वि. अम्बिकादेवी कार्की*

पुनरावेदक प्रतिवादीसँग भएको लेनदेनमा रीतपूर्वक कपाली तमसुक गराई लिन सक्ने यी प्रत्यर्थी वादीले प्रस्तुत विवादमा तिनै प्रतिवादीबाट रीतपूर्वक कपाली तमसूक गरी लिन नसक्नुको युक्तियुक्त कारण उल्लेख हुन नसक्नुका साथै विवादित उक्त मिति २०६०।५।२६ को चिटमा कुनै साक्षी उल्लेख भएको पनि पाइदैन। नत उक्त चिटमा उल्लिखित विभिन्न कलमको रकमलाई अक्षरमा उल्लेख गरेको नै देखिन्छ। यस्तो अवस्थामा प्रत्यर्थी वादीले फिरादसाथ पेश गरेको

मिति २०६०।५।२६ को भरपाई कागजलाई कानूनको रीतअनुरूप तयार भएको भरपाई रहेछ भनी मान्न नमिल्ने भै दावीबमोजिम पुनरावेदक प्रतिवादीबाट वादीलाई साँवा रू. २,१६,२००।- भराइरहनु नपर्ने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको CR-००४९, सवारी ज्यान, *विजय मल्ल वि. नेपाल सरकार*

प्रतिवादी विजय मल्लले सवारी चालक अनुमति नै नलिई सवारी चलाएको तथा अभियोग दावीमा उल्लिखित कुन्तीकुमारीको अंगभंग भएको भन्नेलगायतका प्रश्नसँग सम्बन्धित सम्बद्ध प्रमाणहरू शुरू जिल्ला अदालतबाट बुझ्न छुटाएको भए वा सोउपर विवेचना नगरिएको भए सो छुटेको प्रमाण समेत बुझी विवेचना गरी फैसला गर्न पुनरावेदन अदालतलाई कुनै बाधा रहेको देखिन नआउने।

पुनरावेदन अदालत स्वयंले जे जो बुझ्नुपर्ने बुझी इन्साफ गर्न सक्नुपर्नेमा शुरू जिल्ला अदालतको फैसला बदर गरी पुनः फैसला गर्न शुरूमा पठाइएको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-CI-०३५० लिखत दर्ता बदर दर्ता, *बलरामकुमार कोइराला वि. राजेन्द्र महतो*

अंशबण्डाको १८ नं. अनुसार मानो नछुट्टयाई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारको नाउँमा रहेको सम्पत्ति वा सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्तिमा सबै अंशियारको हक लाग्ने हुन्छ। सगोलको सम्पत्ति अंश लाग्ने सबैको मञ्जूरी लिए वा लिखतमा साक्षी बसेको नदेखिएको अवस्थामा मञ्जूर नहुने अंशियारले सो सम्पत्ति लेनदेन व्यवहारको १० नं. बमोजिम फिर्ता लिन पाउने नै हुनाले वादीहरूको मञ्जूरी नलिई सगोलका अंशियार बैजेन्द्र महतोले राजीनामा गरी दिएको वादी दावीको लिखत बदर गरी वादीको नाममा दर्ता हुने।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल बैशाख १९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ०१८१, अंश, *रामलाल जोशी वि. परमानन्द जोशी*

सगोलको अंशियारबाट पाएको बकसपत्रको सम्पत्ति निजी हुने नभई सगोलको नै ठहर्ने हुन्छ। सगोलको अंशियारमध्ये जुन अंशियारको नाममा भए पनि सगोलको सम्पत्ति मानिने कानूनी व्यवस्था रहेको सन्दर्भमा यी वादीले सगोलको अंशियार लछीरामबाट बकसपत्र पाएको जे जति सम्पत्ति भए पनि पाउनेको निजी हुन नसक्ने हुन्छ। त्यसमा पनि वादीले बकसपत्रबाट पाएको भनेको कि.नं. ११२६, १११२, ८४२, ८४६, ८४७, ६३२, ६५४ र २१४ समेतका ८ कित्ता जग्गा समेत यी वादी प्रतिवादीहरूको संयुक्त नाममा दर्ता रहेको जग्गाधनी दर्ता प्रमाणपूर्जाबाट देखिँदा संयुक्त रूपमा दर्ता रहेको यस्तो सम्पत्तिलाई सगोलको मानिने हुँदा सो समेतबाट वादीले आफ्नो भाग हिस्साको १ भाग अंश पाउने हुँदा सोबमोजिम वादीले सगोलको सबै सम्पत्तिबाट ३ खण्डको १ खण्ड अंश पाउने।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख ५ गते रोज २ शुभम्।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ०१८२, बकसपत्र बदर, *रामलाल जोशी वि. परमानन्द जोशी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको CI-०००९, निषेधाज्ञा/परमादेश, *बलराम अधिकारी वि. अब्दुल मारूफ खाँ*

कसैले कसैको कानूनद्वाराप्रदत्त नागरिक अधिकारमा आघात पार्ने आशंकाको अवस्था देखिएमा त्यस्तो आघात पुऱ्याउने पक्षउपर त्यस्तो आघात पार्ने कुनै काम नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुन्छ। त्यस्तो कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानूनबमोजिम तोकिएको काम, कर्तव्य पूरा नगरे वा गर्न इन्कार गरे त्यसबाट कसैको कानूनप्रदत्त हक हनन् भएमा त्यस्ता पदाधिकारी वा निकायलाई सो कानूनबमोजिम आफ्नो कर्तव्य पालना गराउन परमादेशको आदेश जारी हुने हो। प्रस्तुत विवादमा निवेदकले उल्लेखगरेअनुरूप विपक्षी वन कार्यालयमा मिति २०६२।६।१२ मा प्रकाशन गरेको बोलपत्रको सूचनाबमोजिम कोइलाबास खोलाको गिट्टी, बालुवा, ढुङ्गासम्बन्धमा निवेदकको बोलपत्र स्वीकृत भएको र बोलपत्रको शर्तबमोजिम निवेदकको धरौट तथा जेथा जमानी राखी सकेपछि सो बोलपत्रअनुसार निकासी सम्झौता गर्न निवेदकलाई वनपेशी इजाजत दिने र बोलपत्रसम्बन्धी सबै काम टुङ्गोमा पुऱ्याई त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी वन नियमावली, २०५१ को नियम ६६ ले जिल्ला वन अधिकृतको हुने भनी तोकेको देखिन्छ। सोअनुरूपको जिम्मेवारी यी पुनरावेदक विपक्षीले पूरा नगरेकोले पूरा गराई पाऊँ भन्ने निवेदकको निवेदन जिकीर देखिन्छ भने निवेदकले प्राप्त गरेको ठेक्काअनुरूप निकासी सम्झौता गर्न आर्थिक वर्ष २०६२।६३ को अन्तसम्म पनि निवेदक नआएकोले सो ठेक्का नै निष्क्रिय भइसकेको स्थितिमा आर्थिक वर्ष समाप्त भइसकेपछि अर्को ठेक्काद्वारा तेस्रो व्यक्तिलाई ठेक्का दिएको हुँदा निवेदन मागबमोजिम निषेधाज्ञा परमादेश जारी हुनुपर्ने अवस्था विद्यमान नरहेको भन्ने यी पुनरावेदक विपक्षीको लिखित जवाफ एवं पुनरावेदन जिकीर देखिन्छ। तर निवेदकले ठेक्का लिएको आर्थिक वर्ष २०६३।०६४ व्यतित भई ठेक्काको तोकिएको कार्यकाल बाँकी नरही सो अवधि समाप्त भई सकेको देखिएको स्थितिमा पुनरावेदन अदालतको फैसला उल्टी गरिपाऊँ भन्ने प्रस्तुत पुनरावेदन जिकीरका सम्बन्धमा विचार गरिरहनु नपर्ने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको CI-०००१, परमादेश, *चन्द्रकला न्यौपाने वि. सञ्जू थापा समेत*

अपराध भए नभएको तथा सो अपराधमा प्रतिवादीको संलग्नता भए नभएको कुरा अनुसन्धान तहकीकात गरी प्रमाण संकलन गरेपछि सो संकलित प्रमाणको आधारमा मात्र मुद्दा चल्ने वा नचल्ने भनी यकीन हुने सक्ने अवस्थामा जाहेरी दर्खास्तका सम्बन्धमा कुनै अनुसन्धान तहकीकात हुन नपाउँदै मुद्दा चल्ने वा नचल्ने समेतको कुरा र सरकारले कहिले थाहा पाएको हो र ठगीको महलबमोजिमको हदम्याद छ छैन भन्ने कुरा मुद्दा चलाउने अधिकारीको कार्यक्षेत्रभित्र पर्ने कुरामा आफैंले त्यसतर्फ बोलेको पुनरावेदन अदालतको निर्णय त्रुटिपूर्ण देखिँदा पुनरावेदन अदालतको सो फैसला बदर हुने।

निवेदकको मिति २०६०।३।२१ मा नै ठगीको जाहेरी परेको प्रत्यर्थीहरूको लिखित जवाफ तथा उपर्युक्त निषेधाज्ञा मुद्दाको फैसला समेतबाट देखिएकोले कानूनबमोजिम सो जाहेरीउपर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम अनुसन्धान तहकीकात गरी मुद्दा चलाउनेतर्फ आवश्यक कारवाही गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको WH-००६८, बन्दीप्रत्यक्षीकरण, *रीता वि.क. समेत वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

तारा वि.क. र अंगुरा भट्टराईलाई मिति २०६८।१।१ देखि थुनामा राखेको भन्ने निवेदन जिकीरअनुसार निजहरूको मिति २०६८।१।६ गते सम्मको थुना कानूनविपरीतको भए पनि हाल स्थिति परिवर्तन भइसकेको र निजहरू अदालतको अनुमतिले मुद्दाको अनुसन्धान तहकीकातको लागि न्यायिक हिरासतमा रहेको देखिएकोले सो कानूनबमोजिम

अधिकारप्राप्त अधिकारीको आदेशबाट रहेको थुनालाई गैरकानूनी थुनामा रहेको भन्न नमिल्ने ।
इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६५-CR-०६०१, बिना इजाजत काठ ओसारपसार, *नेपाल सरकार वि. रामप्रसाद ओली*

ना. १ थ ९६ को ट्र्याक्टरबाट दावीका काठहरू बरामद भएको तथा चालक सुरेश नेपाल समेतका व्यक्तिहरू सो काठ सँगै पक्राउ परेको भन्न मिसिल संलग्न बरामदी मुचुल्काबाट देखिन्छ । मौकामा बयान कागज गर्ने ट्र्याक्टर चालक सुरेश नेपालले रू. २०००।- भाडा पाउने गरी ट्र्याक्टर लिई गएको तथा सो ट्र्याक्टरमा विभिन्न साइजका काठहरू लोड गरी ल्याउँदा बरामद काठ र ट्र्याक्टरसहित पक्राउ परेको भनी कसूरमा सावित भई बयान गरेको तथा ट्र्याक्टर धनीले लाइसेन्स नभए पनि घरको सामान ल्याई दिनु भनेकोले ट्र्याक्टर लगेको र काठ लोड गरेको हुँ भनी उल्लेख गरी कसूरमा सावित भई यी प्रतिवादी ट्र्याक्टर धनी समेतलाई पोल गरेको देखिन्छ । यी प्रतिवादी ट्र्याक्टर धनी रामप्रसाद ओलीले काठ ल्याउन भनी अनुमति दिएको नदेखिए पनि लाइसेन्स नै नभएका व्यक्तिलाई ट्र्याक्टर चलाउन निजले अनुमति दिएको र चालकले सोही ट्र्याक्टरबाट अवैध काठ ल्याएको कुरा सप्रमाण पुष्टि भएको हुँदा निज प्रतिवादी रामप्रसाद ओलीलाई निर्दोष मान्न नसकिने हुँदा अभियोग दावीबमोजिम यी प्रतिवादी रामप्रसाद ओलीले कसूर गरेको ठहऱ्याई सजाय समेत गरी दावीको ट्र्याक्टर जफत गर्नुपर्ने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन १६ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-०३२६, उत्प्रेषण परमादेश, *निर्मल प्रधान वि. सचिव, अर्थ मन्त्रालय समेत*

ऋणी गंगा अमात्यका नाउँको शेयर यथावत रहिरहनमा कुनै कानूनी बाधा देखिँदैन । एका व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा हस्तान्तरण गर्ने कुराको प्रश्न सन्निहित भएको प्रस्तुत विवादमा उक्त आफ्नो नाउँमा कायम रहेको शेयर ऋणीले बजारमा बिक्री गरी Mercantibility व्यापारिक कारोवार योग्य गराउन सक्ने अवस्था देखिँदैन । रोक्का रहेको शेयर Non-Merchantability भै जुन काम ऋणीले प्रत्यक्ष रूपमा गर्न सक्दैन सोही काम लिलामबाट सकार गरेको व्यक्तिले वा उक्त प्रक्रियाबाट परोक्ष रूपबाट गर्न मिल्ने पनि नहुने ।

शेयरवाला ऋणी स्वयं गंगादेवी अमात्यले सूचीकरणमा नभएको शेयर धितो राखी उक्त धितो लिलामबाट बिक्री भै सो शेयर दाखिल गरी दिन नसक्नेमा लिलामको प्रक्रियाबाट प्राप्त भएको शेयरलाई अप्रत्यक्ष प्रक्रियाबाट नामसारी गर्न सकिन्छ भनी भन्न नमिल्ने हुनाले समेत निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०२५६, उत्प्रेषणयुक्त परमादेश, *आसितकुमार राजभण्डारी वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

रिट निवेदकका हकमा असर प्रभाव पर्ने गरी सुनुवाइको मौका नै नदिई एवं कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा १६ ले स्पष्ट अधिकार नदिएको अवस्थामा विपक्षी कृषि तथा सहकारी मन्त्रालयका सचिवबाट निवेदकको बढुवा बदर गर्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६३।६।८ को पत्र तथा प्रत्यर्थी कृषि तथा सहकारी मन्त्रालयका सचिवबाट भएको ०६३।५।२० र २०६३।७।९ को निर्णय एवं सो निर्णय कार्यान्वयन गर्ने क्रममा कार्यकारी परिषद् कृषि अनुसन्धान परिषद्बाट भएको २०६४।३।१९ को पत्रलगायतका सम्पूर्ण निर्णय एवं पत्राचार कानूनप्रतिकूल देखिँदा नेपाल कृषि अनुसन्धान परिषद्का नाममा दिइएको निर्देशन समेतको मिति

२०६३।७।९ को निर्णय एवं सोसँग सम्बन्धित सम्पूर्ण पत्राचार तथा काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकको मागबमोजिम निवेदकलाई पूर्ववत् बढुवा भैसकेको वरिष्ठ प्राविधिक अधिकृत टि-७ तहको पदमा नै कायम गरी कामकाज गर्न दिनु एवं सो पदबमोजिमको सुविधा प्रदान गर्नु भनी विपक्षी नेपाल कृषि अनुसन्धान परिषद् समेतका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको साधक नं. RC-००९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमबहादुर राई*

किटानी जाहेरीको व्यहोरालाई अदालतसमक्ष उपस्थित भई जाहेरवाला समेतले पुष्टि गरिदिएको, वस्तुस्थिति मुचुल्का र मौकामा कागज गर्ने व्यक्तिहरूले प्रतिवादी भीमबहादुर राईले नै पदमबहादुर बुढाथोकीको कर्तव्य गरी मारेको भन्ने व्यवहारलाई अदालत समेतमा थप पुष्टि हुने गरी बकपत्र गरेका र प्रतिवादी भीमबहादुर राईले मौकामा तथा अदालतसमक्ष बयान गर्दा मृतक पदमबहादुरलाई टाउकोमा हिर्काई मारेको भनी गरेको साविती बयानबाट यिनै प्रतिवादीले पदमबहादुरलाई कर्तव्य गरी मारेको भन्ने कुरा शंकारहित तवरबाट प्रमाणित हुने हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-CI-०१२९, हकसफा, *देवनारायण तिवारी समेत वि. दिनेश्वर मिश्र ब्राह्मण*

प्रतिवादीहरूले मिति २०५६।९।७ मा देवनारायणले जग्गा पारित गरी लिएको जानकारी वादीले मिति २०५७।३।४ भन्दा अगावै पाएको भन्ने जिकीर लिए तापनि सो कुरालाई पुष्टि हुने आधार प्रमाण प्रतिवादीबाट पेश भएको देखिँदैन। यस्तो अवस्थामा लेनदेनको ११ नं. को कानूनी व्यवस्थानुसार रजिष्ट्रेशन भएको मितिले छ महिनाभित्र यी वादीले थाहा पाएर थाहा पाएको ३५ दिनभित्र प्रस्तुत नालिस दायर गरेको देखिन्छ। यसरी प्रस्तुत फिराद कानूनले निर्धारित गरेको हदम्यादभित्रै परेको देखिँदा वादी दावीबमोजिमको जग्गा निखनाई लिन पाउने।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०२५७, उत्प्रेषणयुक्त परमादेश, *अरूणकुमार चौधरी वि. पुनरावेदन अदालत, राजविराज सप्तरी समेत*

पिताउपर चलेको मुद्दा आफूले सकार गर्न पाउनु पर्छ भन्ने यी निवेकको भनाई भए पनि पहिला नै अंश लिई छुट्टी सकेको यी निवेदकले आफ्नो बाबुको हकमा अंश मुद्दा सकार गर्न पाउने यी निवेदकको कानूनी अधिकार अन्तरनिहीत रहेको देखिन आउँदैन। अपुतालीसम्बन्धी विवादमा अपुताली मुद्दाबाटै निर्णय हुने अवस्था रहिरहन्छ। तर यी निवेदकले अपुताली मुद्दा दिएको र सो मुद्दा अशोककुमारले दिएको अंश मुद्दासँगै राख्ने भए पनि अंश फरक-फरक विषय भएकोले अलग-अलग निर्णय हुनु पर्ने हुन्छ। तर अंश मुद्दाको लगाउमा रहेको आधारमा यी निवेदकको उक्त अंश मुद्दामा समेत आफ्नो बाबुको हकमा स्वतः अंश हकको सिर्जना हुन नसक्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको CR-०३२९, कुटपीट, *देवबहादुर चन्द वि. सुरजनाथ समेत*

मिसिल संलग्न घा जाँच फारामबाट "Tenderness on Abdominal Region" भन्ने बाहेक

अन्य ठूलो घा चोट भएको भन्ने मिसिल संलग्न सबूद प्रमाणबाट पुष्टि हुन सकेको छैन । साथै पीडित भनिएको निर्मला चन्द उल्लिखित कुटपीटको घटनाबाट गम्भीर घाइते भई सोही चोटको कारणबाट मृत्यु भएको भन्ने पनि मिसिलबाट पुष्टि भएको छैन । यदि कुटपीटको कारणबाट ऐनको म्यादभित्र मृत्यु भएको भए सोबमोजिम कानूनी कारवाही चलाउन सक्नुपर्नेमा सो भएको छैन । प्रस्तुत मुद्दा अदालतको फैसलाले ज्यान मार्ने उद्योगबाट कुटपीटमा परिणत भई सकेको छ । साथै मौकामा कागज गर्ने विस्नादेवी चन्दले अदालतसमक्ष बकपत्र गर्दा दोहोरो कुटपीट भएको हो । प्रतिवादीलाई चोट नलाग्ने कुरै भएन । दुबैका हातमा लाठी थियो भन्ने समेत उल्लेख गरेबाट पीडित भनिएकी निर्मलाकुमारी चन्दलाई यी प्रतिवादीहरूको कुटपीट गरेको भन्ने आरोप प्रमाणित हुन सकेको छैन । अर्कातर्फ अर्का पीडित वादी देवबहादुर चन्दलाई लागेको घा चोटको प्रकृति हेर्दा कुटपीटको २ नं. को कसूर वा ६ नं. अनुसार सजाय हुने कसूर गरेको प्रमाणित हुन आउँदैन । अपितु कुटपीटको ७ नं. अन्तर्गतको सजाय हुने कसूरसम्म यी प्रतिवादीहरूले गरेको प्रमाणित हुन आएको देखिएबाट शुरू कञ्चनपुर जिल्ला अदालतको फैसला केही उल्टी गरी दुबै प्रतिवादीहरूलाई मुलुकी ऐन, कुटपीटको महलको ७ नं. बमोजिम रू. २०००।- जरीवाना र ६ महिना कैद हुने ।

इजलास अधिकृत: चुरामन खड्का

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०६८ असार २४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३-WO-०८५५, उत्प्रेषणयुक्त परमादेश, *ईश्वरीकुमार पौड्याल वि. श्री महालेखा नियन्त्रकको कार्यालय समेत*

विपक्षीमध्येका कुमारप्रसाद ओझा, महालेखा नियन्त्रक कार्यालयको मिति २०६२।११।१५ को निर्णयअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय, ताप्लेजुङ्गमा सहलेखापाल पदमा सरूवा भई २०६३।३।८ देखि उक्त कार्यालयमा हाजिर भई कामकाज गर्दै आएकोमा निजको सरूवा बदर भएको पत्र निज कार्यरत् कार्यालयमा प्राप्त हुनुभन्दा अगावै मिति २०६३।४।७ भित्र रीतपूर्वक कार्य सम्पन्न फाराम समेत भरी आफू कार्यरत् कार्यालयमा बुझाई सोही कार्यालयबाट मूल्याङ्कन समेत भएको अवस्था छ । कोष तथा लेखा नियन्त्रण कार्यालय, ताप्लेजुङ्गबाट मिति २०६३।३।३१ मा प्रकाशित सूचनाअनुसार बढुवा फाराम समेत भरी निर्धारित समयभित्र बुझाई बढुवासम्बन्धी आवश्यक कारवाही अगाडि बढेको र निजामती सेवा नियमावली, २०५० को नियम ७५(क) को देहाय (२) बमोजिम न्यूनतम् सेवा अवधि समेत पूरा भएका कुमारप्रसाद ओझालाई विज्ञापित लेखापाल पदमा बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन नपाउने भन्न नमिल्ने हुदा कोष तथा लेखा नियन्त्रक कार्यालय, ताप्लेजुङ्गको रिक्त लेखापाल पदमा बढुवा सिफारिश गरी भएको बढुवा समितिको २०६३।९।७ को निर्णय एवं कुमारप्रसाद ओझाको हकमा बढुवा समितिको उक्त निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत, इलामका रजिष्ट्रारबाट भएको २०६३।१०।२९ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा उपरोक्त निर्णयहरू बदर गर्न र यी निवेदकलाई बढुवा गर्न भनी निवेदन माग दावीबमोजिम आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटर: सुदीप पंज्ञानी

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०९५५, उत्प्रेषणयुक्त परमादेश, *मातृकाप्रसाद नेपाल वि. ऋषिराम निरौला समेत*

कुनै कामकारवाही निर्णय हुनु वा कानूनी प्रक्रिया प्रारम्भ हुनुभन्दा पहिला नै निष्क्रिय भई भइसकेको कुनै ऐन, कानून वा अध्यादेशको अनुशरण गर्नु पर्दैन । पहिलेको कानून वा अध्यादेशको व्यवस्थालाई तत्कालै प्रतिस्थापन गर्ने अर्को कानूनी प्रावधानले निरन्तरता प्रदान गरेको खण्डमा मात्र पहिलाको प्रावधानअनुरूप पनि भए गरेको कामकारवाही र निर्णय कानूनसम्मत हुने अवस्था हुन्छ । अन्य अवस्थामा पहिलाको कानून अनुशरण गरिएको

कामकारवाही निर्णय वा प्रक्रियाले वैधता प्राप्त गर्न नसक्ने ।

निजामती सेवा ऐन, २०४९(दोस्रो) अध्यादेश, २०६२) मिति २०६२।९।१७ देखि प्रारम्भ भई मिति २०६३।३।१६ सम्म क्रियाशील भएको र सो मितिपश्चात् स्वतः निष्क्रिय भएको अवस्थामा अध्यादेशको दफा २४(घ)१ को कानूनी अस्तित्व समेत समाप्त भैसकेको स्थितिमा कोष तथा लेखा नियन्त्रक, कार्यालय ताप्लेजुङ्गबाट मिति २०६३।३।३१ मा प्रकाशित सूचनाबमोजिम रिक्त लेखापाल पदमा सर्वाधिक अङ्क प्राप्त गर्ने कुमारप्रसाद ओझा पछि मातृकाप्रसाद नेपाल हुँदाहुँदै मातृकाप्रसाद नेपालको निजामती सेवा (दोस्रो संशोधन अध्यादेश) २०६२) दफा २४(घ)१, बमोजिमको न्यूनतम् शैक्षिक योग्यता नपुगेको भनी निजलाई प्रतियोगिताबाट बाहेक गरी शेखर ढकाललाई निर्वाचन कार्यालय, ताप्लेजुङ्गको रिक्त लेखापाल पदमा बढुवा सिफारिश गर्ने हदसम्म पुनरावेदन अदालत इलामका रजिष्ट्रारबाट भएको मिति २०६३।१०।२९ को निर्णय कानूनविपरीत भई त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको CR-०८३५, ज्यानसम्बन्धी, *विश्वनाथप्रसाद तेली समेत वि. नेपाल सरकार*

पुनरावेदक समेतका प्रतिवादीहरूले वारदातस्थलमा उपस्थित भई पीडित निर्मला हरिजनलाई आफूले कुटपीट गरेको भन्नेमा इन्कार रही बयान गरेको देखिए पनि सो इन्कारीले पुष्टि भएको छैन भने जाहेरवाला र पीडितले समेत यी प्रतिवादीलाई झूट्टा आरोपित गर्नुको मिसिलबाट अन्य कुनै कारण देखिँदैन । अन्यथा प्रमाणित नभएसम्म पीडित र प्रत्यक्षदर्शी जाहेरवालाले अदालतसमक्ष किटानी रूपमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिन पर्ने ।

पानीसम्बन्धी विवादमा चिनक हरिजनसँग विवाद भई जाहेरवाला बलराम हरिजनसँग कुटपीट भएको भन्ने तथ्य प्रमाणित भइसकेको देखिन्छ । बलराम हरिजनलाई कुटपीट गरेको अवस्थामा निजकी श्रीमती निर्मला हरिजन छुट्ट्याउन जाँदा निजलाई पनि कुटपीट गरेको र त्यसको परिणाममा निर्मलाको गर्भ तुहिन गएको देखिएकोले यी पुनरावेदकहरू पूर्ण रूपले बेकसूर रहेको देखिन नआएबाट गर्भ तुहाउने मनसायको अभाव भए पनि सोही कुटपीटको कारणबाट नै गर्भमा रहेको बच्चा मरेको भन्ने देखिन आएकोले यी पुनरावदेकहरूलाई ज्यानसम्बन्धी महलको २९ नं. कसूरमा सोही महलको ३२ नं. को कानूनी व्यवस्थाबमोजिम जनही रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको स.फौ.पु.नं.CR-०६२१, CR-०७२१, कर्तव्य ज्यान, *भजन गिरी समेत वि. नेपाल सरकार, सुरेन्द्रनाथ वि. नेपाल सरकार*

प्रतिवादीहरू अदालतसमक्ष आई बयान गर्दा मृतकलाई मार्ने मनासाय थिएन, निजलाई सचेत गराउने उद्देश्यले मात्र कुटपीट गरेका हौं भनी प्रतिवादीहरूको मार्ने मनसाय नरहेको भन्नेसम्म इन्कारी जिकीर रहेको देखिए पनि घटना स्थलको प्रकृति र लाश जाँच मुचुल्का एवं शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको घाउ चोट र वारदातस्थलसँग सम्बन्धित अन्य तथ्यहरूले मृतकउपर निर्मम ढंगले लाठा ढुङ्गा र साइकलको चेन र समेतले कुटपीट गरेको भन्ने देखिएको छ । त्यसबाट मार्ने मनसाय थिएन, ठीक पार्ने नियतसम्म थियो भनी प्रतिवादीहरूको भनाई मिथ्या देखिएको छ । घाउ चोटको प्रकृति र गम्भीरताले यी प्रतिवादीले गरेको कार्य पछाडि निजहरूको नियत पनि दर्शाउने ।

प्रतिवादीहरूले गरेको कुटपीटको गम्भीरता हेर्दा प्रभु गिरीलाई मरणासन्न अवस्थामा पुऱ्याई निजले कतै जान वा बच्ने बचाउने प्रयत्न समेत गर्न नपाउने गरी निजको मृत्युलाई निश्चित बनाउने गरी निजको खुट्टा समेत बाँधिएको देखिन्छ । यसरी यी प्रतिवादीहरूको कसूरको गम्भीर प्रकृतिले निजहरूको प्रभु गिरीलाई मार्ने नै नियत Mens rea रहेको प्रमाणित हुन्छ ।

कतिपय अवस्थामा कसूरदारको कार्य (Action) वा Actus reus बाट पनि निजको Mens–rea पत्ता लगाउनु पर्ने हुन्छ भने कतिपय अवस्थामा वारदातको प्रकृति, परिस्थिति र घटनाको बाह्य कारणबाट पनि आपराधिक नियत पत्ता लगाउनु पर्ने हुन्छ । प्रस्तुत मुद्दाको प्रत्यक्ष र अप्रत्यक्ष उपरोक्त सबै अवस्थाको विद्यमानताले यी प्रतिवादीहरूको आपराधिक नियत Criminal Intention उद्घाटित भई रहेको छ । त्यसबाट यिनै प्रतिवादीहरूले नवराज भन्ने प्रभु गिरीलाई मार्ने नियतले निजलाई बाँध, छाँद लछार-पछार गर्दै कुटपीट गरी कर्तव्य गरी मारेको शंकारहित ढंगबाट प्रमाणित हुने ।

यी पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर कायम गरी सोही नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको र पुनरावेदक प्रतिवादीमध्ये सुरेन्द्रनाथ वारदातको बखत नाबालक देखिएकोले निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १० वर्ष कैद हुने ।

अ.बं. १८८ नं. को व्यवस्था अपराधीहरूप्रति दया माया गरेर आफूखुशी जे. जति मन लाग्यो उत्ति नै सजाय गर्दै जाने व्यवस्था  होइन । यसलाई “नियमित व्यवस्था” Rule को रूपमा ग्रहण गरी अपवादको रूपमा मात्र ऐनले निर्धारित गरेको कैद सजाय गर्ने उद्देश्य पनि अ.बं. १८८ को होइन । अ.बं. १८८ हेर्दा “हाकिमको चित्तले भवितव्य हो कि भन्न हुने सम्मको शंका” देखिनु पर्‍यो । अथवा/र “अपराध गरेको अवस्था विचार गर्दा कसूरदारलाई ऐनबमोजिम सजाय गर्दा चर्को हुने भनी घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहर्‍याई कम सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने भनी आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय” लेख्नुपर्ने भन्ने व्यवस्था गरेको पाइन्छ । यसरी यस दफाअनुसार सजाय छूट हुनुपर्ने भनी निर्णयकर्ताले आफ्नो राय लेख्दा त्यसको स्पष्ट कारण र तर्कसंगत एवं न्यायोचित आधार खुलाउनु पर्ने ।

प्रस्तुत वारदात र कसूरको प्रकृति र अवस्था हेर्दा एउटा मानिसलाई उसले गरेको शंकास्पद आचरणलाई लिएर केही मानिसले योजनावद्ध ढंगले घरबाट बोलाई लिई गएर निर्ममतापूर्वक निर्घात ढंगले दौडाई दौडाई लाठा, ढुंगा समेतले कुटपीट गरेका छन् । पीडितको हात, खुट्टाको नली, हड्डी र टाउकोको हाड समेत फुट्ने गरी क्रूरतापूर्वक हूल भई कुटपीट गरिएको छ । यस्तो घटना कुनै पनि कोणबाट भवितव्य होकी भन्ने शंका गर्नु पर्ने अवस्थाको देखिदैन । यसको अतिरिक्त छोटो समयमा धारिलो हतियार वा बन्दुक प्रयोग गरी वा लुकी छिपी कसैको ज्यान लिनु भन्दा पनि सार्वजनिक बाटो र खेतमा दौडाई, लछार-पछार गरी अनेक व्यक्तिले सामूहिक रूपमा निर्मम तरीकाले प्रहार गरी कसैको ज्यान लिएको घटना बढी गम्भीर हुन्छ । त्यसकारण सजायको समानुपातिकताको मापदण्डअनुसार पनि यस वारदातका कसूरदारहरू ऐनद्वारा निर्धारित सजायमा छूट पाउने हकदार भएको देखिन आउँदैन । यस्तो अवस्थामा उल्टै मृतकको पूर्वआचरण वा चरित्रलाई शंकास्पद भनी सोही आधारमा प्रतिवादीहरूलाई सजायमा छूटका लागि निर्णयकर्ताले राय व्यक्त गर्नु अ.बं. १८८ नं. को उद्देश्य र व्यवस्था र भावनाको विपरीत देखिन आउने ।

इजलास अधिकृतः बसन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०४३०, २०६५-CI-०४३१, लेनदेन, *त्रिलोक चन्द वि. राजमतीदेवी चन्द, धनबहादुर चन्द वि. राजमतीदेवी चन्द*

वादीको जग्गा धितो राखी प्रतिवादीहरूले रा.वा. बैंकबाट कर्जा लिएको देखिन्छ सो रकम हामीले बैंकलाई बुझलाएको भन्ने प्रतिवादीको जिकीर नभई वादीले बैंकलाई रकम बुझाई जग्गा फुकुवा गराएकोमा प्रतिवादीले स्वीकार गरेको  देखिन्छ । रा.वा. बैंकबाट प्रतिवादी धनबहादुर चन्दको फर्मको नामबाट ऋण लिएको देखिन्छ भने प्रतिवादीमध्येका त्रिलोक चन्दले सो ऋणको सम्पूर्ण जवाफदेही म हुनेछु भनी कागज गरी दिएको देखिन्छ । सो शर्तनामा कागज करकापबाट गराएको भनी त्रिलोक चन्दले दायर गरेको मुद्दा खारेज हुने ठहरी फैसला भई अन्तिम रहेको अवस्था देखिँदा उक्त शर्तनामाको कागजअनुसार प्रतिवादीले स्वीकार

गरेको देखिन्छ । सो शर्तनामा कागज करकापबाट गराएको भनी कागज गरी दिएको छ । सो शर्तनामा कागज करकापबाट गराएको भनी त्रिलोक चन्दले दायर गरेको मुद्दा खारेज हुने ठहरी फैसला भई अन्तिम रहेको अवस्था देखिँदा उक्त शर्तनामाको कागजअनुसार प्रतिवादीले स्वीकार गरेको दायित्व पूरा गर्नु निजहरूको कर्तव्य नै हुने हुँदा वादीले बैंकलाई बुझाएको रकम रू. ९,१०,५८२।- सम्म वादीले प्रतिवादीबाट भराई पाउने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CR-०४५७, लिखित बेइज्जती, *दिनानाथप्रसाद साह समेत वि. जयनाथप्रसाद साह तेली समेत*

मिति २०५९।३।१ मा सत्य सन्देश दैनिक पत्रिकामा प्रकाशित समाचारबाट वादीको बेइज्जत भएको ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट सो समाचार प्रकाशन गर्ने प्रकाशक, सम्पादक लगायतलाई जरीवाना गर्ने गरी भएको फैसलाउपरमा कसैको पुनरावेदन परेको देखिएन । उक्त मिति २०५९।३।१ मा प्रकाशित समाचारबाट वादीको बेइज्जती भएको भन्ने कुरामा विवाद देखिएन । तर सो समाचार प्रकाशित गरी वादीको बेइज्जती गर्ने कार्यमा यी प्रतिवादी जयनाथप्रसाद साह तेलीको संलग्नता छ, छैन भन्ने सन्दर्भमा हेर्दा प्रतिवादी जयनाथप्रसाद र वादीमध्येका दिनानाथ दाजुभाइ भएको देखिन्छ । पुनरावेदक वादीले अंश मुद्दा दिएको रिस इवीबाट झूट्टा कर्तव्य ज्यान मुद्दा दिएको र अंश पाउने ठहर भएपछि झूट्टा लाञ्छना लगाई समाचार प्रकाशन गराई बेइज्जती गरेको भन्ने जिकीर भएको भए पनि त्यसको पुष्टि भएको छैन । यिनै जयनाथप्रसादले त्यस्तो समाचार प्रकाशन गराएको भन्ने कुनै प्रमाण र आधार उपलब्ध नरहेकोले त्यस्तो झूट्टा समाचार प्रकाशन गराउन यी जयनाथप्रसाद दोषी रहेको भनी अनुमान गर्न नमिल्ने ।

समाचार प्रकाशनबाट वादीलाई के कस्तो प्रकारको क्षति हुन गएको हो प्रष्ट नभएको र वादीहरूले समेत हाम्रो यो यस्तो प्रकारले यति क्षति हुन गएको भन्ने कुरा स्पष्ट खुलाई क्षतिपूर्ति माग गरेको नदेखिँदा समेत अनुमानको भरमा क्षतिपूर्तिको रकम कायम गरी प्रतिवादीबाट वादीलाई क्षतिपूर्ति दिलाई न्यायसँगत नहुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CR-०७०८, अपहेलना, *कर्णमाया लिम्बू वि. देवलक्ष्मी प्रधान समेत*

यिनै विपक्षीहरूउपर यिनै निवेदकले दायर गरेको निषेधाज्ञाको निवेदनमा कानूनबमोजिम बाहेक पक्राउ नगर्नु नगराउनु, थुनामा नराख्नु र निवेदकको सम्पत्तिमा आघात पार्ने कागज नगर्नु नगराउनु भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६४।१०।१४ मा आदेश जारी भएको देखिन्छ । सो आदेशको अपहेलना गरी पुनः पक्राउ गर्ने र कागज गराउने धम्की दिने कार्य गरेकोले अदालतको अपहेलनामा कारवाही गरिपाऊँ भन्ने निवेदन जिकीर पुष्टि हुने कुनै तथ्य, आधार वा प्रमाण निवेदकले खुलाउन र पेश गर्न सकेको देखिदैन । पुनरावेदन अदालतबाट विपक्षीहरूको नाममा निषेधाज्ञाको आदछेश जारी भएको अवस्थामा सो आदेशविपरीत विपक्षीहरूबाट कुनै कामकारवाही भएमा वा निवेदकलाई आघात पर्ने गरी कुनै कागज गराएमा त्यस्तो कागजको सम्बन्धमा निवेदकले निवेदन दिई कानूनी उपचार लिन सक्ने अवस्था विद्यमान रहने नै भएको हुँदा अदालतको आदेशको विपक्षीहरूले अपहेलना गरको भन्ने निवेदन व्यहोरा पूर्णतया काल्पनिक र बनावटी देखिने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०७५०, लेनदेन, *भजुलाल यादव समेत वि. रजियादेवी महतो*

प्रतिवादी अकुशलालले जालसाजतर्फ बयान गर्दा प्र. रजियादेवीलाई जग्गा पास गरी दिँदाको अवस्थामा वादी भजुलाल यादव मसँग थिएन भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि पारीत राजीनामामा भजुलाल यादव साक्षी बसेको सो राजीनामाको प्रतिलिपिबाट देखिन्छ। निज प्र. रजियादेवीबाट जग्गाको रकम लिन बाँकी रहेको र सो बाँकी रहेको रकमको रजियादेवीले तमसुक गरी दिएको भन्ने वादी तथा अकुशलालको भनाई नभएको र लिखतबाट समेत नदेखिएको अवस्थामा सो तमसुक रकम लेनदेन गरी सद्दे साँचो व्यवहारबाट भएको भन्ने देखिन आएन। यसरी लेनदेनको कारोवार नै भएको नदेखिएको अवस्थामा सो मिति २०६१।२।१४ को कपाली तमसुक खडा भएको देखिन्छ। सो लिखत वादी भजुलाल यादव तथा प्रतिवादीहरू अकुशलाल यादव र गुलाई यादवले रजियादेवीको हक मेटिने, नोक्सान पार्ने उद्देश्यले नभएको झूट्टा कुरा भए गरेको हो भनी व्यहोरा फरक पारी सहीछाप गराई कीर्ते कागजको ३ नं. अन्तर्गतको कसूर गरेको देखिँदा वादी भजुलाल यादव तथा प्रतिवादीहरू अकुशलाल यादव र गुलाई यादवलाई मुलुकी ऐन, कीर्ते कागजको १० नं. बमोजिमको जरीवाना हुने।

इजलास अधिकृत: हरिश्चन्द्र इङ्गनाम
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम्।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको CI-०८०९, मोही नामसारी, *बेखालाल अवाले वि. अष्टमान अवाले*

ललितपुर उपमहानगरपालिका वडा नं. ९ (च) कि.नं. २११ को क्षे.फ. १-३-२-० जग्गाको जग्गाधनी मोठ स्रेस्ता समेतको मोही महलमा यी पुनरावेदक प्रतिवादी बेखामान अवालेको नाम रहेको देखिएकोले निज निर्विवाद मोही भइरहेकोमा निजलाई मोहीबाट हटाउन पाउने कुनै कारण र आधार यी वादी अष्टमानसँग रहेको छैन। साविक जग्गाधनी आशाकाजी बज्राचार्यबाट जग्गा नामसारी गरिलिने निजको अहिलेको जग्गाधनी नानीमाया शाक्यले समेत जग्गा नामसारी गर्दा बेखालाल अवालेलाई मोही स्वीकार गरी जग्गा नामसारी गराई लिएको देखिन्छ। तसर्थ ज्ञानीमाया अवालेलाई मोही मानी निजको नामबाट प्रत्यर्थी अष्टमान अवालेको नाममा मोही नामसारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा सो गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला कानूनी त्रुटिपूर्ण हुँदा उल्टी हुने र उक्त जग्गाको ज्ञानीमाया अवालेको नामको मोही नामसारी गरिपाऊँ भन्ने प्रत्यर्थी वादी अष्टमान अवालेको निवेदन दावी पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद शर्मा
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम्।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको CI-०६१२, फैसला बदर, *भगेलु महतो वि. कन्हैयालाल साह समेत*

करिब ३० वर्षको समयपछि आफ्नो विरूद्ध निर्णय भएको भन्ने थाहा जानकारी भएबाट उक्त मिति २०३५।३।२९ को निर्णय बदरका लागि मिति २०६५।३।४ मा फिराद लिई उपस्थित भएका यी पुनरावेदकलाई अ.बं. ८६ नं. को आधारमा दावी गर्न सक्ने अवस्था समेत विद्यमान नदेखिँदा भूमिसुधार कार्यालय, पर्साबाट मिति २०६६।२।२४ मा भएको निर्णय उल्टी भई वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम
कम्प्युटर: सरस्वती पौडेल
इति संवत् २०६८ असोज ४ गते रोज ४ शुभम्।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-०७१५, उत्प्रेषण परमादेश, *सुमित्रा भट्टराई उपाध्याय वि. जिल्ला स्वास्थ्य कार्यालय, टेकु काठमाडौं समेत*

अधिकृतस्तरको कर्मचारीको सरूवा गर्ने सम्बन्धमा स्वास्थ्य सेवा ऐन तथा ऐ नियमावलीमा स्पष्ट व्यवस्था भएको र स्वास्थ्य सेवामा काम गर्ने कर्मचारीहरूका लागि सोही ऐन नियममा भएको व्यवस्था लागू हुने कुरामा कुनै शंका एवं द्विविधा छैन। यस्तो कानूनी व्यवस्थाविपरीत स्वास्थ्य सेवा विभागले निवेदिकालाई सरूवा गरेको देखिँदा सो सरूवा निर्णय कानूनबमोजिम अख्तियारप्राप्त निकायबाट भए गरेको देखिन आएन। यसरी अख्तियारै नभएको निकायबाट भएको सरूवा निर्णय र सोका आधारमा तयार भएको सरूवा पत्रलाई कानूनसम्मत् भन्न नमिल्ने।

स्वास्थ्य सेवामा कार्यरत् कर्मचारीले सधैं एउटै स्थानमा सेवा गर्ने नभई कानूनले सरूवा योग्य बनाएको छ । कुनै पनि कर्मचारीलाई सधैं एउटै स्थानमा उसकै इच्छाअनुसार काममा लगाउने गरी कर्मचारीको इच्छाअनुसार सधैं एउटै स्थानमा काम गर्न पाउने अधिकार कानूनले प्रदान गरेको छैन । यसरी कानूनमै व्यवस्था नभएको हकको प्रचलन गराउन परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था हुँदैन । यस्तो अवस्थामा कानूनमा भएको व्यवस्थाविपरीत अदलतले निवेदन दावीकै भरमा यी निवेदकलाई काम गरिरहेको स्थानमा सदैव राखी काम गर्न दिनु, अन्यत्र सरूवा नगर्नु भनी अनिश्चित कालसम्मका लागि परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६६ सालको WO-०२८३, उत्प्रेषण परमादेश, *योगेन्द्रप्रसाद साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०३४१, उत्प्रेषण परमादेश, *अशोककुमार भण्डारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०४३०, उत्प्रेषण परमादेश, *नन्दकिशोर साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७००, उत्प्रेषण परमादेश, *शोभाकर चौधरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७३८, उत्प्रेषण परमादेश, *सुशीलकुमार झा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७४०, उत्प्रेषणयुक्त परमादेश, *रामकेवल महतो वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७४४, उत्प्रेषणयुक्त परमादेश, *महेन्द्र मोहनप्रसाद लाकौल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७५२, उत्प्रेषणयुक्त परमादेश, *रेशमलाल लामिछाने वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७६२, उत्प्रेषणयुक्त परमादेश, *अनीलकुमार पाण्डे वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७६७, उत्प्रेषणयुक्त परमादेश, *रामस्वरूप यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७७१, उत्प्रेषणयुक्त परमादेश, *कुम्भराज शर्मा समेत वि.सुदूर पश्चिमाञ्चल स्वास्थ्य निर्देशनालय, राजापुर, डोटी समेत*
- २०६६ सालको WO-०७७८, उत्प्रेषणयुक्त परमादेश, *भुनन्दन साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७९८, उत्प्रेषणयुक्त परमादेश, *तेजनारायण राय वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०८०५, उत्प्रेषणयुक्त परमादेश, *रेवतीप्रसाद गौतम वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०८१५, उत्प्रेषणयुक्त परमादेश, *सत्यदेवप्रसाद यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०८५१, उत्प्रेषणयुक्त परमादेश, *रामप्रवोध साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०८७७, उत्प्रेषणयुक्त परमादेश, *शेषकान्त घिमिरे वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०८९३, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद तिमिल्सेना वि. जिल्ला स्वास्थ्य कार्यालय, दोलखा समेत*
- २०६६ सालको WO-०९९४, उत्प्रेषणयुक्त परमादेश, *धर्मबहादुर बानिया वि.मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय टेकु समेत*
- २०६६-WO-१००९, उत्प्रेषण, *बालरूची सहनी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

**इजलास नं. ७**

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की**, २०६७ सालको CI-०२६०, निषेधाज्ञा, *लक्ष्मण चौधरी वि. शुभकरण चौधरी समेत*

विवादित कि.नं. ५४३ को जग्गाको मोही सम्बन्धमा उठेको विवाद अन्तिम टुङ्गो नलागी कारवाहीयुक्त अवस्थामा रहेको देखिँदा सो जग्गा पुनरावेदक निवेदकको एकलौटी जोतभोग कायम हुने नहुने सम्बन्धमा निर्क्यौल भई नसकेको अवस्था हुँदा निवेदक मागबमोजिम निषेधाज्ञाको आदेश खारेज हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की**, २०६५ सालको CI-०६६२, निषेधाज्ञा/परमादेश, *चञ्चलादेवी साह वि. जिल्ला प्रशासन कार्यालय पर्सा, वीरगञ्ज समेत*

आफ्नो कार्यालयबाट संस्था दर्ता अनुमति प्रदान भै आफ्नै कार्यालयमा दर्ता भएको संस्था विरूद्ध उजूरी परेपछि प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, पर्साले सो उजूरी सम्बन्धमा अनुसन्धान तथा छानबीनको सन्दर्भमा सरोकारवाला व्यक्तिलाई झिकाई बुझ्ने प्रयोजनको लागि पत्राचार गरिएको भन्ने लिखित जवाफ व्यहोराबाट देखिन्छ। यसरी साधिकार निकायले संस्थाको रकम हिनामिना भएको भनी आफ्नो निकायमा परेको उजूरीको सन्दर्भमा सम्बन्धित पदाधिकारीलाई बुझ्न नसक्ने भन्ने देखिन नआएको हुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की**, २०६७ सालको CI-०४८६, निषेधाज्ञायुक्त परमादेश, *शेरबहादुर खत्री वि. जिल्ला प्रशासन कार्यालय, ललितपुर*

पुनरावेदकलाई संघको सदस्यताबाट हटाउने गरी गरिएको निर्णयउपर कुनै चुनौती नभै हालसम्म उक्त निर्णय कायमै रहेको पाइन्छ। नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघको निर्वाचन मिति २०६६।१२।२८ मा सम्पन्न भैसकेको भन्ने लिखित जवाफ व्यहोराबाट देखिएको हुँदा यी पुनरावेदक निवेदकको मागबमोजिम आशंकाको स्थिति विद्यमान नभई कार्य सम्पन्न भैसकेको भन्ने देखिन आयो। उपरोक्तबमोजिम कार्य सम्पन्न भैसकेको अवस्थामा सिद्धान्ततः निषेधाज्ञाको क्षेत्राधिकारले सहयोग गर्न सक्ने अवस्था नहुँदा निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की**, २०६७ सालको CI-०६८८, निषेधाज्ञा परमादेश, *विजयराज जैसी समेत वि. जिल्ला प्रशासन कार्यालय, अछाम समेत*

अछाम जिल्लाको बाटोबाट मदिरा ओसारपसार गर्न रोक लगाउने गरी गृह मन्त्रालयबाट पठाइएको पत्रउपर कुनै व्यक्ति वा निकायले चुनौती दिएको वा सो पत्र निष्क्रिय वा बदर गराउनेतर्फ कुनै कारवाही चलाएको समेत देखिँदैन। यसरी मन्त्रालयस्तरबाट समेत अछाम जिल्ला हुँदै अन्यत्र मदिरा ओसारपसार गर्न रोक लगाउने कार्य भएको तथा उक्त कार्य बदर नभै कायम नै रहेको अवस्था देखिँदा निवेदन मागबमोजिम मदिरा ओसारपसारमा रोक लगाउनु भन्ने निषेधाज्ञायुक्त परमादेश जारी हुन नसक्ने।

क्षतिपूर्ति तथा रकम भराई पाउनको लागि कानूनी उपचारको बाटो अबलम्बन गर्नुपर्नेमा सो नगरी निषेधाज्ञायुक्त परमादेशको निवेदनबाट नै रकम तथा क्षतिपूर्ति माग गरेको अवस्था हुँदा यस्तो निवेदनबाट रकम तथा क्षतिपूर्ति भराई दिन नमिल्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की**, २०६६ सालको CI-११२६, निषेधाज्ञामिश्रित परमादेश, *राजेशकुमार कुर्मी वि. जिल्ला शिक्षा कार्यालय, बाँके नेपालगञ्ज समेत*

कानूनबमोजिम अध्यापन अनुमति नै नलिएका निवेदकलाई रिक्त पदमा राखिएको कार्य कानूनी त्रुटिपूर्ण देखिएको र सो रिक्त पदमा स्थायी शिक्षक सरूवा भई पदपूर्ति समेत गरिसकेको अवस्थामा निवेदन दावी कानूनसम्मत् देखिन नआएकोले रिट जारी हुन नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ८४५१, लिखत बदर दर्ता बदर, *उमेशप्रसाद यादव वि. भिमल सहनी समेत*

बुबा आमा हुँदाहुँदैको अवस्थामा निजहरूका छोरा नाताका सीतारामलाई घरको मुख्य व्यक्ति भन्न समेत मिल्ने देखिदैन भने अर्कोतर्फ सो जग्गा निजी ज्ञान, सीप, समेतको आर्जनको हो कि भन्नलाई पनि निज प्रतिवादीले प्रतिवाद समेत नगरी वादी दावीमा चित्त बुझाई बसेको र प्रतिवादी उमेशप्रसाद यादवबाट समेत उक्त जग्गा यो यसकारण प्रमाणले सीतारामको निजी हो भनी देखाउन नसकेको अवस्था भएबाट सोतर्फ थप विचार गरिरहनु नपरी उक्त सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सगोलको नै मान्नुपर्ने ।

घरको मुख्य व्यक्तिले समेत अंशियारको मञ्जूरी लिन पर्नेमा मुख्य व्यक्ति नरहेका यी अंशियार सीतारामले सगोलको अंश लाग्ने सम्पत्ति बिक्री गर्दा अन्य अंशियारको अनिवार्य रूपमा मञ्जूरी लिन पर्ने हुन्छ । यसमा अन्य अंशियारको मञ्जूरी लिएको नदेखिँदा विवादित सम्पत्ति हक हस्तान्तरणमा मञ्जूरी नभएका निज प्रतिवादीका बाबु आमा र भाइ समेतका अंशियारको हकमा सो हदसम्म चार भागको तीन भाग विवादित राजीनामा लिखत सदर कायम रहन सक्ने नभई बदर हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल बैशाख १९ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको दे.पु.नं. ८२३१, लिखत बदर दर्ता बदर दर्ता, *सुरेन्द्र सहनी मलाह वि. भिमल सहनी मलाह समेत*
- २०६२ सालको दे.पु.नं. ८२३२, लिखत बदर दर्ता बदर, *धनुषनारायण सहनी मलाह वि. भिमल सहनी मलाह समेत*
- २०६२ सालको दे.पु.नं. ८२३३, लिखत बदर दर्ता बदर दर्ता, *धनुषनारायण सहनी मलाह समेत वि. भिमल सहनी मलाह समेत*

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको CR-००८८, कर्तव्य ज्यान, *भक्तबहादुर थापा समेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले मृतक ललितबहादुर खड्कासँग पूर्व रिसइवी रहेको कुरालाई बयानमा स्वीकार गरेको र निजहरूले मृतकको सम्पत्ति (नगद र गरगहना) समेत लाने पूर्व योजना बनाई तीनै जना भई मध्यरातको समयमा मृतकको घरको ढोका बलपूर्वक खोली घरभित्र प्रवेश गरी मृतकलाई चल्न चट्पटाउन समेत नदिई हात खुट्टा र घाँटी समेत अँठ्याई थिची अमानुसिक रूपले कर्तव्य गरी मारी मृतकको सँगसाथमा रहेको नगद र सुनको औंठी समेत झिकी लिएको र लासलाई सिरकले छोपी आफ्नो करतुत अपराध छिपाउनको लागि घरको ढोकामा ताला लगाई हिँडेको अवस्था मिसिल प्रमाणबाट स्पष्ट हुँदा सो समेतका आधार प्रमाणबाट प्रस्तुत मुद्दामा अ.बं. १८८ नं. को प्रयोगको लागि ऐनले तोकेको अवस्थाको विद्यमानता रहेको भन्न निष्कर्षमा पुग्न नमिल्ने ।

तसर्थ प्रस्तुत मुद्दामा अ.बं. १८८ नं. आकर्षित हुने पूर्वशर्त र अवस्थाको विद्यमानता नदेखिँदा प्रतिवादीहरूलाई आरोपित कसूरमा अभियोगपत्र माग दावीबमोजिम ज्यानसम्बन्धीको १३(३) अनुसार जन्मकैद हुने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४-CI-०२०२, लेनदेन, *कुशेश्वरप्रसाद शर्मा वि. हिमांशु कमल*

प्रतिवादीका बाबु उपेन्द्रप्रसाद कमलले अ.बं. १३९ बमोजिम बयान गर्दा वादी दावीअनुसारको रूपैयाँमध्ये रू. १,००,०००।- मैले आफ्नो नामको चेकबाट वादीलाई दिइसकेको र बाँकी रूपैयाँ प्रतिवादी आफैंले वादीलाई बुझाई भरपाई लिइसकेको छ भनी लेखाई दिएको पाइन्छ भने अर्कोतर्फ वादी कुशेश्वरप्रसाद शर्माको नाममा काटिएको उक्त चेकको रकम भुक्तानी पनि भइसकेको भन्ने नेपाल बैंक लिमिटेड सिटी अफीस जनकपुरको मिति २०५९।४।६ को पत्रबाट देखिन आएको हुँदा सो चेकको रकम अन्यथा प्रयोजनको लागि हो भनी वादीले स्थापित गराउन नसकेको अवस्थामा सो चेक यी पुनरावेदक वादीले प्रतिवादीका बाबु उपेन्द्रप्रसाद कमललाई दिएको भनिएको उनाउको सापटीबापतको नभै वादी प्रतिवादीबीचको ऋण कारोवारकासम्बन्धमा प्रतिवादीका एकासगोलका बाबु निज उपेन्द्रप्रसाद कमलले वादीलाई गरेको आंशिक भुक्तानी नै हो भनी मान्नुपर्ने ।

इजलास अधिकृत: हरिराज कार्की

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-CR-०७११, सवारी ज्यान, *कालीराम थारू वि. नेपाल सरकार*

जुन काम जुन निकायले वा पदाधिकारीले गर्नुपर्ने गरी कानूनले व्यवस्था गरेको छ त्यसबाट नै त्यो काम सम्पन्न गरिनु पर्दछ भन्ने कानूनी सिद्धान्त समेतका आधारमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ बमोजिमको घाउ खर्च, क्रिया खर्च र क्षतिपूर्ति भराई दिने निकाय अदालत नभई प्रमुख जिल्ला अधिकारी नै हुने ।

इजलास अधिकृत: हरिराज कार्की

कम्प्युटर: निर्मला अधिकारी

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६२ सालको दे.पु.नं. ८७२२, २०६३ सालको दे.पु.नं. ८७९७, छूट जग्गा दर्ता, *उदयवीर गुरूङ्ग वि. सरस्वती बज्राचार्य समेत, हनुमान रञ्जितकार समेत वि.सरस्वती बज्राचार्य समेत*

विवादित जग्गामा सरस्वती बज्राचार्यको हक रहेको स्रोत के छन् ? मालपोत कार्यालयबाट अघि भएको मिति २०४५।९।९ को निर्णय र २०५९।५।२६ मा भएको मिलापत्रको अस्तित्व के छ ? मिति २०४५।९।९ को निर्णयबारे मिति २०४५।११।२८ मा भएको सम्झौताको सम्बन्धमा के हुने हो ? हदम्याद छ छैन ? जग्गा राजगुठी हो भन्ने सम्बन्धमा सन्दर्भ उठेकोमा गुठी संस्थानलाई विपक्षी बनाउनु पर्ने हो होइन ? जस्ता प्रारम्भिक विषयमा विवाद रहे भएको पाइएकाले त्यस्ता विवादित प्रश्नका विषयमा उपलब्ध कानूनी व्यवस्था, मिसिल संलग्न सबूद प्रमाण समेतको आधारमा हेरी न्यायिक विश्लेषण गरी निर्णय गर्नुपर्नेमा पुनरावेदन अदालतबाट सो भए गरेको पाइएन । यस्तो स्थितिमा शुरू फैसला बदर गरी हक बेहकमा निर्णय गर्न गराउन शुरू अदालतमा जानु भनी पुनरावेदन अदालतनं पाटनबाट भएको मिति २०६२।५।१२ को फैसला मिलेको नदेखिँदा बदर हुने ।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०६२४, सम्बन्ध विच्छेद, *विपिन्द्र सुवेदी(खत्री) वि. बन्दना कार्की (भट्ट)*

सम्बन्ध बिच्छेदको माग गर्ने प्रत्यर्थी वादी स्वयंले आफूले दायर गरेको मुद्दा अन्तिम टुङ्गो नलाग्दै अर्कोसँग विवाह गरेको र सोसम्बन्धी प्रमाण कागजहरू मिसिल संलग्न हुन आएको स्थितिमा त्यस्ता आधार प्रमाणलाई अनदेखा गर्न नमिल्ने हुँदा उपरोक्त उल्लिखित बुँदा प्रमाण समेतका आधारमा वादी प्रतिवादी बीचको लोग्ने स्वास्नीको सम्बन्ध लोग्ने स्वास्नीको २ नं. अनुसार स्वत: बिच्छेद भएको ठहऱ्याउनु पर्नेमा सो नगरी शुरू फैसलालाई नै सदर गरेको पुनरावेदन अदालत, पाटनको

फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई वादी प्रतिवादीबीच लोग्ने स्वास्नीको २ नं. अनुसार लोग्ने स्वास्नीको सम्बन्ध स्वतः बिच्छेद हुने ।
इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६५-CI-०७४१, अंश चलन, *सीताराम खत्री समेत वि. बन्दना कार्की (भट्ट)*
- ०६५-CI-०७४२, मानाचामल, *विपीन्द्र सुवेदी(खत्री) वि. बन्दना कार्की (भट्ट)*

१२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६५-CR-०३४४, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *वीरबहादुर प्रजा वि. नेपाल सरकार*

पुनरावेदकले बनिबनाउ कागजमा सही गराएको हो भनी पुनरावेदनमा जिकीर लिए पनि उक्त वारदातमा संलग्न नरहेको भन्ने कुनै तथ्ययुक्त ठोस प्रमाण समेत निजले प्रस्तुत गर्न सकेको पाइँदैन । यसैगरी यी प्रतिवादीउपर कुनै एकजना सह-अभियुक्तले पोल गरेको नभै लाहुरे भन्ने गादरपूर्जा मगर, सोनाम भन्ने धौछिरिङ्ग तामाङ्ग र डम्बरबहादुर मगर लगायतले पोल गरेको र सह-अभियुक्तहरूको पोल बयान समेत घटना विवरण तथा यी पुनरावेदकले गरेको बयानसँग सिलसिलेवार रूपमा मिलेको अवस्थामा रहेको छ । यस स्थितिमा यी पुनरावेदकको पुनरावेदन जिकीर युक्तिसँगत नदेखिँदा प्रतिवादी वीरमान भनिने वीरबहादुर प्रजालाई गैंडा मारी खाग खरीद बिक्री गरेको अभियोगमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम तजबिजी कैद १०(दश) वर्ष कैद सजाय हुने ।
इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको फौ.पु.नं. ०६८०, कर्तव्य ज्यान, *नरबहादुर विष्ट वि. नेपाल सरकार*

प्रतिवादी नरबहादुर विष्टको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, मौकामा कागज गर्ने पदमबहादुर विष्टलगायतका मानिसले अदालतमा आई लेखाई दिएको बकपत्र वस्तुस्थिति मुचुल्का लेखाई दिने व्यक्तिको भनाई, लास प्रकृति मुचुल्का समेतका प्रमाणबाट प्रतिवादी नरबहादुरको चोट प्रहार समेतबाट प्रमोद विष्टको ज्यान मर्न गएको पुष्टि हुन आयो । यस स्थितिमा मिसिल संलग्न प्रमाण कागजको आधारमा प्रतिवादी नरबहादुर विष्टलाई जन्मकैदको सजाय हुने ।

घटनाको अवस्था पुनरावेदक प्रतिवादी नरबहादुर विष्टको उमेर समेत हेर्दा निज प्रतिवादीलाई १२ बाह्र वर्ष कैद सजाय गर्दा पर्याप्त हुने देखिएकोले प्रतिवादी नरबहादुर विष्टलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय हुने ।
इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल भदौ ७ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको साधक नं. ०६५-RC-०३९, कर्तव्य ज्यान, नेपाल सरकार वि. फूलो मन्सुरी मियाँ

मृतक र प्रतिवादीहरूबीच खेतमा पानी पटाउने विषयमा विवाद भई दुईपक्षबीच भएको झडपमा प्रतिवादी फूलो मन्सुरीले मृतक सञ्जयको टाउकोमा बञ्चरो प्रहार गरी सोही चोटबाट उपचार हुँदाहुँदै निजको मृत्यु भएको तथ्य स-प्रमाण पुष्टि भएको देखिँदा निज प्रतिवादी फूलो मन्सुरीलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको साधक नं. ०६७-

RC-००६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोहम्मद उमर मुसलमान*

यी प्रतिवादीउपर जागा भन्ने मोहम्मद उमर मुसलमान वारदातस्थलमा मौजुद रही मृतकलाई बञ्चरोले हानी मार्ने काममा मृतकको खुट्टा समाई संयोग समेत पारिदिएको र मृतकको कर्तव्यबाट मृत्यु भएपछि शव फाल्न जङ्गलमा लगेको अवस्थामा मृतकको टाउको र शरीर छुट्ट्याई दिएको र मृतकको लुगा च्याती, काटी फाल्ने कार्यमा संलग्न रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि हुन आएको देखियो । यी प्रतिवादी उमर जागा भन्ने मोहम्मद उमर मुसलमान फरार रहेको देखिएको र निज प्रतिवादी निर्दोष भएको भए अदालतबाट जारी भएको वारेण्टको म्यादभित्रै उपस्थित भई आफूउपरको अभियोग दावीबाट प्रमाण गुजारी सफाइ लिनु पर्नेमा सो समेत गर्न सकेको नदेखिएको हुँदा निज प्रतिवादीलाई निर्दोष हुन भनी अनुमान गर्न सकिने अवस्था नदेखिने ।

यी प्रतिवादी उमर जागा भन्ने मोहम्मद उमर मुसलमान समेतको कर्तव्यबाट मृतक मोहम्मद सरिफ मुसलमानको विभत्सरूपमा हत्या भएको तथ्य सप्रमाण पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको साधक नं. ०६७-RC-००७२, कर्तव्य ज्यान, *नेपाल सरकार वि.नेपुर भन्ने जयावती कामती*

प्रतिवादी नेपुर भन्ने जयावती कामतीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयान कागज, लाश प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदन समेतबाट र आफ्नै घरको पछाडि रहेको सेफ्टी ट्याङ्कीमा आमा सागैरवतीको फालिएको लाश बरामद भएको अवस्था तथा परिस्थितिजन्य प्रमाणहरू समेतबाट प्रतिवादी नेपुर भन्ने जयावती कामतीले निजको आमा सागैरवती कामतीलाई ओखलको मुसलीले टाउकोमा हानी ज्यान मारेको तथ्य निर्विवाद रूपमा पुष्टि भएको देखिँदा निज प्रतिवादी नेपुर भन्ने जयावती कामतीलाई अभियोग माग दावीबमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी श्यामसुन्दर यादवसँग प्रतिवादी नेपुर भन्ने जयावती कामतीको अवैध यौन सम्बन्ध रहेकोमा मृतक आमाले निजहरूको सो सम्बन्धको बारेमा प्रश्न उठाएको कारणबाट उक्त अवैध सम्बन्धलाई निरन्तरता दिन प्रतिवादीरूले आफ्नो मार्गमा रहेको अवरोध हटाउनको लागि मनसायपूर्ण ढंगबाट प्रस्तुत वारदात गरेको देखिन्छ । आफ्नो जन्मदिने आमाले आफ्नो विवाहिता छोरीको परपुरुषसँगको अवैध यौन सम्बन्धको बारेमा जानकारी पाई सो नगर्न गाली गलौज गरी छोरीलाई गलत काम गर्नबाट रोक्नको लागि प्रयत्न गरेको प्रस्तुत घटना वारदातमा देखिन्छ । यसरी आफ्नी छोरीलाई गलत बाटोबाट सुमार्गमा ल्याउन प्रयास गर्दा उल्टै छोरीले रिसइवी लिई राखेकोमा घरमा आफू र आमा मात्र भएको मौका पारी प्रतिवादी श्याम यादवसँग समेत सल्लाह गरी फलामको मुसलीले आमाको टाउकोमा प्रहार गरी हत्या गरेको कार्यबाट प्रस्तुत अपराध जघन्य प्रकृतिको नै देखिन आएबाट मुलुकी ऐन अ.बं. १८८ नं. अनुसार सजाय कम हुन व्यक्त राय न्यायिक दृष्टिले समेत मनासिब नदेखिने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको साधक नं. ०६७-RC-००८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विमला भन्ने ढककुमारी शर्मा कट्टेल (पराजुली)*

प्रतिवादी विमला भन्ने ढककुमारी शर्मा कट्टेल (पराजुली) ले देवरसँगको अवैध यौन सम्बन्धबाट गर्भ रहन गई जिउँदो बच्चा जन्माई कर्तव्य गरी मारी मकैबारीमा पुरेको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादीले आफूभन्दा कम उमेरको आफ्नो सहोदर देवरसँग अवैध यौन सम्बन्ध कायम गरी जिउँदो बच्चा जन्माई जानीजानी घाँटी थिची मारेको समेतको अपराधको अवस्था हेर्दा मुलुकी ऐन, अ.बं. १८८ नं. अनुसार ३ वर्ष मात्रको सजाय हुन प्रस्ताव गरेको राय अपराधको प्रकृति र घटनाको अवस्थालाई हेर्दा ज्यादै न्यून सजाय हुने ।

अपराध हुँदाको अवस्थाको २४ वर्ष रहेकी र निजको लोग्ने अध्ययनको क्रममा काठमाडौं गएकोमा कुनै खोजखबर नरही बेपत्ता भएकोमा निजको आफ्नो सहोदर देवरसँग अवैध यौन सम्बन्ध कायम भएको देखिन्छ । निजको पति हालसम्म बेपत्ता रहेको र निजसँग आश्रित दुई नाबालिका छोरीहरू समेत रहेको देखिन्छ । यी प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतमा समेत घटना वारदातको विस्तृत विवरणसहित बयान गरी अनुसन्धान र न्यायिक कार्यलाई सहयोग समेत गरेको मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । मिसिल संलग्न कागजातबाट यी प्रतिवादीको विगतको पृष्ठभूमि समेत आपराधिक गतिविधिमा संलग्न भए गरेको नदेखिएको, लोकलज्जाबाट बच्नको लागि अवैध गर्भबाट जन्मेको बच्चा मारी गाडेको अवस्था देखिएको र निजसँग आश्रित निजका नाबालक छोरीहरूको भविष्य समेतलाई विचार गर्दा निजलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. अनुसार निज प्रतिवादी बिमला भन्ने ढककुमारी शर्मा कट्टेल (पराजुली) लाई कैद वर्ष पाँच मात्र हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको साधक नं. ०६७-RC-००९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. करनसिँह भन्ने कालुसिँह खड्का*

यी प्रतिवादीले काठको लट्ठीले प्रहार गरी सोही चोटबाट मृतकको मृत्यु भएको तथ्य जाहेरी दरखास्त प्रतिवादीको मौकाको बयान तथा सो बयानलाई समर्थित हुने गरी अदालतमा भएको बयान, वस्तुस्थिति मुचुल्काका मानिसहरू तथा घटना विवरण कागज गर्ने प्रतिवादीको छोरा गणेशबहादुर खड्काको मौकाको कागज तथा सो कागजलाई समर्थित हुने गरी अदालतमा गरेको बकपत्र समेतबाट यी प्रतिवादीको कर्तव्यबाट मृतक रनवीर सिँह खड्काको मृत्यु भएको स-प्रमाण पुष्टि हुन आएकोले शुरू अभियोग माग दावीबमोजिम प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-CI-०१०९, बाली बिगो, *रामजी यादव समेत वि. गुलवियादेवी यादव*

कि.नं. १८३ र ३३१ को ससीमै जग्गा प्रतिवादी रामजी यादव समेतले खिचोला गरेउपर मुद्दा चली सो जग्गामा खिचोला गरेको ठहर भई बाली लगाउने कार्य यी प्रतिवादीहरूले गरेका छन् भन्ने वादीको कथन रहेको पाइयो । प्रतिवादीले खिचोला गरेको ठहरी भएको फैसला पछि पनि सो जग्गामा यिनै प्रतिवादीले बाली लगाएको देखिँदा कि.नं. १८३ र ३३१ को क्षे.फ. ०-१२-१३½ को जग्गामा धान १९ मन र गहुँ १० मन २४ किलो मात्र फल्ने भएकोले बनी बुटी कटाई हुने आधा मन ९ मन २० किलो र गहुँ ५ मन १२ किलोको हुने २५०।- प्रति मनका दरले जम्मा रू. ४६५५।- को २ वर्षको रू. ९३१०।- वादीले प्रतिवादीबाट बिगो भराई पाउने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६६-CI-०५७२, लिखत दर्ता बदर, *जनकबहादुर राना समेत वि. ऋषिमुनी दर्लामी*

लेनदेन मुद्दा परी सोही मुद्दाको विषयमा अ.बं. १७१ नं.क नं. बमोजिम महोत्तरी जिल्ला अदालतले रोक्का राख्ने आदेश भई रोक्का राखेको

जग्गा सोही अदालतको अर्को आदेश नभएसम्म सो जग्गा रोक्का रही नै रहन्छ । उक्त जग्गा मालपोत कार्यालयले आफै फुकुवा गर्न पनि सक्दैन । बिक्री वितरण हुनबाट रोक्का राखिएको जग्गा मालपोत कार्यालयको गैरकानूनी क्रियाबाट अमुक कर्मचारीले रोक्का नरहेको जानकारी दिएकै भरमा सो जग्गा बिक्री वितरण गर्न योग्य जग्गा थियो भनी अर्थ गर्न सकिँदैन । यसरी रोक्का रहेको जग्गा फुकुवा नहुँदै जग्गाधनी सुकुमाया आले मगरले जनकबहादुर रानालाई राजीनामाको लिखत गरिदिएको कार्य मुलुकी ऐन जग्गा मिच्नेको महलको ९ नं. मा भएको कानूनी व्यवस्थाको प्रतिकूल देखिँदा दावीबमोजिमको र.नं. ३६५० मिति २०६०।८।१० को लिखत र सोको आधारमा प्रतिवादी जनकबहादुर रानाका नाममा भएको दर्ता समेत बदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको CI-०८०५, घर जग्गा खिचोला चलन, *लक्ष्मणबहादुर अधिकारी वि.केशरबहादुर अधिकारी समेत*

कि.नं. ८६ को ०-१४-३ जग्गा मध्ये पूर्व तर्फबाट ०-२-३ जग्गा वादीले खरीद गरी कि.नं. ४२३ कायम भएको देखिन्छ । प्रतिवादीको कथनअनुसार कि.नं. ८५ को जग्गामा ०-१३-१९ र र नरबढी ०-०-१५-१४¾ समेत ०-१४-१४-१४¾ जग्गा छ भनी स्वीकार गरेको देखिन्छ । यसबाट प्रतिवादीको कथनअनुसार पनि निजको कि.नं. ८५ मा ०-१३-१९ जग्गा रहेको भन्ने जिकीर रहेकोमा मिति २०६०।११।९ र मिति २०६१।२।२१ को नक्सा मुचुल्काबमोजिम न.नं. ८ मा ०-१३-१९¾ जग्गा रहेको देखिन आयो । यसबाट कि.नं. ८५ मा प्रतिवादीको स्रेस्ताभन्दा बढी जग्गा देखिई वादीको नाउँको कि.नं. ४२३ को जग्गा खिचोला गरेको देखिने ।

वादीले दावी लिएको घर जग्गाको कि.नं. ४२९ मा मिति २०५९।९।१९ गते बकसपत्र पारीत गरी लिएपश्चात् मात्र हक हुन आएको देखिन्छ । आफ्नो हक पुग्ने समयभन्दा अघिदेखि नै प्रतिवादीले भोग चलन गरेको जग्गा वादीले आफ्नो नाउँमा कायम गरेपश्चात् प्रतिवादीले खिचोला गरेको भनी लिएको जिकीर सत्य तथ्यमा आधारित देखिन आएन । जग्गा खिचोला आफ्नो नाउँमा हक पुगेको अवस्थामा मात्र हुने हो । आफ्नो नाउँमा हक स्थापित नभएको अवस्था भन्दा अघिदेखि प्रतिवादीले भोग चलन गरेको स्वीकार गरेको सो तथ्य नक्सा मुचुल्काबाट समेत स्थापित हुन आएको परिप्रेक्ष्यमा पुनरावेदक वादीको दावीबमोजिम प्रतिवादीको कि.नं. ४२९ मा खिचोला गरेको नदेखिने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

## इजलास नं १०

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको CR-०६३५, ०८०४, ०७४३ र २०६७ सालको CR-००५१, लागू औषध खैरो हेरोइन, *शकुल शाही ठकुरी वि. नेपाल सरकार, विशालबहादुर सार्की वि. नेपाल सरकार, रवी भन्ने महमद सागिर आलम वि. नेपाल सरकार, नेपाल सरकार वि. पदमबहादुर श्रेष्ठ समेत*

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१), लागू औषध हेरोइनको सम्बन्धमा ऐनको दफा ३(क)(७) बमोजिम २०५१।२।२ मा नपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम लागू औषध (Narcoties) अन्तर्गत आकर्षित हुन सक्दैन भन्ने प्रतिवादीहरूको जिकीरकासम्बन्धमा उक्त सूचनाले प्रतिवादीहरूको कार्यलाई समेटेको छ कि छैन भनी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(५) मा भएको व्यवस्था हेर्दा “अफिम कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई पच्चीस ग्राम सम्मको कारोवार गर्नेलाई ५ वर्षदेखि १० वर्षसम्म र पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरीवाना भनी तोकेको अवस्थामा यी प्रतिवादीहरूबाट लागू औषध हेरोइन बरामद भएको

परिमाणका आधारमा यो दफा नै आकर्षित हुने देखिँदा उक्त दफा आकर्षित हुँदैन भन्ने प्रतिवादीको जिकीर मनासिब नदेखिने ।

प्रतिवादीहरूमध्ये शहकुल शाही ठकुरीको साथबाट लागू औषध ११.१५ ग्राम, प्रतिवादी शेरबहादुरको साथबाट ११.१० ग्राम लागू औषध, प्रतिवादी महमद सागिरको साथबाट १०.९५ ग्राम लागू औषध र प्रतिवादी विशालबहादुर सार्कीको साथबाट २९.४० ग्राम हेरोइन बरामद भएकोमा प्रतिवादीहरूको साथबाट बरामद भएको लागू औषधको परिमाण र मात्राअनुसार सजाय गर्नु नै वैज्ञानिक एवं न्यायिक हुने हुन्छ । सबै प्रतिवादीहरूले आ-आफूले बोकेको अर्थात् आफूबाट बरामद भएको लागू औषधसम्मको दायित्व वहन गर्नुपर्ने हुन्छ । सबै प्रतिवादीहरूबाट बरामद भएको परिमाणलाई एकै ठाउँमा गाभेर सजाय गर्नु न्यायोचित र कानूनको मर्मअनुरूप हुँदैन तसर्थ जो जसबाट जति बरामद भएको हो सोही परिमाणको आधारमा सजाय हुने ।

प्रतिवादीहरूमध्येका पदमबहादुर श्रेष्ठ र दिलीप रोक्काको साथबाट कुनै लागू औषध बरामद भएको नदेखिएको अवस्थामा सह-अभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि पनि नभएको अवस्थामा शंकाको भरमा सजाय गर्न नमिल्ने हुँदा निज प्रतिवादीरूले सफाइ पाउने ।

इजलास अधिकृत: भोलानाथ ढकाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको फौ.पु.नं. CR-०१६८, लागू औषध, *पदमबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी पदमबहादुर श्रेष्ठले अनुन्धानको क्रममा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पहिलेदेखि चिनजानका मानिस सिँह भन्ने जमीर उल्ला खानसँग चिनजान भएको र लागू औषधको कारोवार गरी बिक्री गर्दा प्रतिग्राम ५०० फाइदा हुन्छ भनी निजसँग १२ ग्राम लागू औषध लिई १ ग्राम नाम थाहा नभएको व्यक्तिलाई बिक्री गरी बाँकी बोकी हिँडेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो भनी उल्लेख गरी बयान गरेको आफूले सेवन गरेको भनी व्यहोरा लेखाएको पाइएको छैन भने अदालतमा बयान गर्दा मात्र ३।४ वर्ष अघि आफूले लागू औषध सेवन गर्थे तर हाल लागू औषध सेवन गर्न पनि छाडे भनी सेवनसम्बन्धी कुरा लेखाएको पाइन्छ । प्रतिवादीले प्रहरीले बिना कारण फसाएको भन्ने जिकीर लिए पनि सोमा कुनै सत्यता देखिएको छैन । बरामदी मुचुल्कामा भएको सही आफ्नै हो भनी निजले बयान गरेको, बरामदी मुचुल्कालाई पुष्टि हुने गरी प्रतिवेदकहरूले अदालतमा आई बकपत्र गरी दिएको, वैज्ञानिक परीक्षणबाट बरामद भै आएको चिज लागू औषध नै हो भनी परीक्षण प्रतिवेदन प्राप्त भएको, परीक्षण गर्ने विशेषज्ञले पनि बरामदी वस्तु लागू औषध नै हो भनी बकपत्र गरी दिएको, निजको मौकाको बयान र बरामद भै आएको लागू औषधको मात्रा र परिमाण समेतबाट प्रतिवादीले अभियोग दावीबमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीले अदालतमा इन्कारी बयान गरेकै आधारमा निर्दोष हुन् भन्न मान्न नमिल्ने ।

इजलास अधिकृत: भोलानाथ ढकाल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६८-WO-०१८०, उत्प्रेषण, परमादेश, *श्यामकृष्ण मास्के वि. भरतबहादुर के.सी. समेत*

दोलखा जिल्ला अदालतबाट मिति २०६८।४।३१ को सूचनाबमोजिम दरखास्त दिने कानून व्यवसायीहरूबीच जिल्ला अदालत, नियमावली, २०५२ को नियम ९५क(२) बमोजिम अदालतले निर्धारण गरेको प्रक्रियाबमोजिम प्रतिष्पर्धा गराई विपक्षी भरतबहादुर के.सी.लाई वैतनिक कानून व्यवसायीको रूपमा २०६९ साउन मसान्तसम्मको लागि वैतनिक वकीलमा नियुक्ति गर्ने गरी दोलखा जिल्ला अदालतबाट मिति २०६८।५।६ मा निर्णय भएकोमा त्यसबाट यी निवेदकको कुनै कानूनी हक अधिकारमाथि अतिक्रमण

भएको वा हुने अवस्थाको विद्यमानता छैन । यस्तो अवस्थामा प्रस्तुत रिट निवेदनमा थप कारवाहीको प्रक्रिया अगाडि बढाउन वा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु पर्ने आवश्यकता, औचित्य र कानूनी आधार नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरःसुदीप पंज्ञानी
इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६८-WO-०१७१, उत्प्रेषण, परमादेश, *नितू सिँह वि. राजेन्द्र सिँह समेत*

सर्वोच्च अदालतको फैसला अन्तिम भएर रहेको अवस्थामा अदालतको फैसलाबमोजिम फैसला कार्यान्वयनको क्रममा बण्डा छुट्ट्याउने कार्य रोकी पाऊँ भनी निवेदिका नितू सिँहले रौतहट जिल्ला अदालतमा दिएको निवेदनमा बण्डा छुट्ट्याउने कार्य स्थगित गरिरहनु पर्ने अवस्था नदेखिँदा कानूनबमोजिम गर्नु भनी शुरू रौतहट जिल्ला अदालतबाट मिति २०६८।२।२० मा भएको आदेश र उक्त आदेश सदर हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।४।१९ मा भएको आदेश कानूनबमोजिम तहतहबाट परीक्षण समेत भैसकेको अवस्थामा त्यसबाट यी निवेदिकाको कानूनी अधिकारमा कुनै प्रतिकूल प्रभाव पर्ने अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ समेत मगाई यस रिट निवेदनको कारवाही अगाडि बढाई रहन पर्ने औचित्य, आवश्यकता र आधार देखिएन । प्रारम्भमै प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०२०४, उत्प्रेषण परमादेश समेत, *शान्तिदेवी बस्नेत वि. मेचीनगर नगरपालिका कार्यालय, झापा समेत*

जुन सम्पत्ति घर जग्गाबाट नहटाई पाऊँ भनी दावी गरेको छ सोको दर्तालगायत आफ्नो हक पुगेको लिखत प्रमाण निवेदकहरूबाट पेश दाखिल गरी आफ्नो निर्विवाद हकदैया रहेको देखाउन नसकेको, उत्प्रेषणको माग गरे तापनि कसको कुन निर्णय बदर गरिदिनुपर्ने हो खुलाउन नसकेको,सबूद प्रमाण बुझी हक स्थापित गर्ने क्षेत्र यो नभएको विवादास्पद हक प्रचलन असाधारण अधिकारक्षेत्रबाट नहुने तथा परमादेशको माग भएतर्फ कसले कुन कानूनले तोकेको कर्तव्य पालन नगरेको हो खुलाउन नसकेको समेतका कारणबाट प्रस्तुत निवेदनमा प्रथम दृष्टिमा नै विपक्षीहरूले गरे बिराएको नदेखिई विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन पर्ने अवस्था नहुँदा रिट जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
– सर्वोच्च अदालत, मेलमिलाप समिति